



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com






❖ वर्ष ३५ ❖ २०७८ भदौ १० गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 26 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०९

## सीमाबाट १०८ जना बालबालिका/महिलाको उद्धार

सुषमा शर्मा, वीरगंज, ९ भदौ/

जिल्ला प्रहरी कार्यालय, पर्साले गत


तस्वीर: सौजन्य

आव ०७७–०७८ मा सीमा नाकाबाट महिला, बालबालिका गरी १०८ जनाको उद्धार गरेर घर फर्काएको जनाएको छ । पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले ८५ जना महिला, एकजना बालक र २२ जना बालिकाको उद्धार गरी घरपरिवारको जिम्मा लगाइएको बताए । उनले चालू आवको भदौ ५ गतेसम्म १८ जना महिला र चारजना बालिका गरी २२ जनाको उद्धार गरिएको बताए । यसैगरी गत आवमा महिला, बालबालिका र ज्येष्ठ नागरिकबाट घरेलु हिंसासम्बन्धी ठाडो निवेदन र उजूरी ६३८ वटा परेको र तीमध्ये ३६८ वटा फर्छोट भइसकेको उनले बताए । गत वर्ष ज्येष्ठ नागरिकले घरेलु हिंसा सम्बन्धमा १० वटा उजूरी दिएकोमा पाँचवटा फर्छोट भएको र ११ वटा ठाडो निवेदन दिएकोमा पाँचवटा फर्छोट भएको प्रवक्ता खनालले बताए ।

गत वर्ष घरेलु हिंसासम्बन्धी ५१६ वटा उजूरी दर्ता भएकोमा ३४८ वटा फर्छोट भएको र १६८ जना सम्पर्कमा नआएको बताए । उनले गत आवमा सबैभन्दा बढी आत्महत्याका ७४ वटा घटना भएको बताए । यसैगरी जबरजस्ती करणीको ३७, जबरजस्ती करणी उद्योगमा ७, बालयौन दुरुपयोगका ७, कर्तव्यज्यानका ७, अपरहरण, जबरजस्ती करणीका तीन, बहुविवाहका तीन, बालविवाहका दुई, दाइजोको एउटा उजूरी दर्ता भएको बताए ।

गत आवमा महिला झैंझगडा, कुटपिट अन्य निवदेन (सामाजिक हिंसा) ६८६ वटा दर्ता भएको, ३७८ फर्छोट भएको र ३०६ जना सम्पर्कमा नआएका प्रवक्ता खनालले बताए । प्रवक्ता खनालले गत आवको चैत मसान्तसम्म ६ जना ज्येष्ठ नागरिक हराएको निवदेन परेको र चारजनालाई प्रहरीले फेला पारेको तथा दुईजना आफैं घर फर्केको बताए । यसैगरी ४६ जना महिला हराएकामा २५ जनालाई प्रहरीले फेला पारेको, ११ जना आफै फर्केका र १० जना हालसम्म फेला नपरेका बताए । यो अवधिमा २५ जना बालक हराएका र एकजना मृत फेला परेको, २५ जनालाई प्रहरीले फेला पारेको तथा ११ जना आफैं फर्केका र सातजना अहिलेसम्म बेपत्ता रहेको उनले बताए । बालिका भने ७२ जना हराएका र ३५ जनालाई प्रहरीले फेला पारेको र १५ जना आफैं घर फर्केका तथा २२ जना अझै फेला पर्न नसकेको प्रवक्ता खनालले जानकारी गराए ।

## पुरुषको तुलनामा महिला रक्तदाता ८ प्रतिशत मात्र

प्रस, वीरगंज, ९ भदौ/

पर्सा जिल्लामा पुरुष रक्तदाताको तुलनामा महिला रक्तदाताको सङ्ख्या


तस्वीर: फाइल

१० प्रतिशतभन्दा पनि कम छ ।

नेपाल रेडक्रस सोसाइटी अन्तर्गत रक्तसञ्चार केन्द्र, वीरगंजले उपलब्ध गराएको तथ्याङ्क अनुसार गत आवमा ८२५४ जना पुरुष स्वयंसेवी रक्तदाता पुष्टि भएकोमा महिला स्वयंसेवी रक्तदाता केवल ६७८ मात्र देखिएको छ ।

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले पुरुषको तुलना महिलाहरूमा रगत खपत हुने भए पनि महिला स्वयंसेवी रक्तदाताको सङ्ख्या भने नबढेको बताए । उनले गत वर्ष ८ हजार ५ पिन्ट रगत महिलाहरूमा र ३८८० पिन्ट रगत पुरुषमा खपत भएको तर महिला स्वयंसेवी रक्तदाता भने ६७८ मात्र पुगेको बताए ।

केन्द्रका प्रमुख उदयराज शर्माले महिला रक्तदाता सङ्ख्या उत्साहजनक नभए पनि पछिल्लो समयमा यो सङ्ख्या बढेको बताए ।

केही वर्ष पहिलेसम्म महिलाहरू रक्तदानमा सक्रिय नभएको अहिले विभिन्न कारणबाट उनीहरूको सहभागिता बिस्तारै बढ्दै गएको बताए । पर्साको ग्रामीण क्षेत्रमा पुरुष रक्तदाताहरूले रक्तदान गर्न अप्ठेरो मानेको बेला अहिले महिलाहरू पनि थोरै सङ्ख्यामा भए पनि रगत दिन थालेको बताए । आधा दशक पहिलेसम्म पर्साको ग्रामीण क्षेत्रमा रक्तदान कार्यक्रम न्यून हुने गरेको थियो । त्यसमा महिला सहभागिता शून्य थियो ।

अहिले ग्रामीण क्षेत्रमा पनि रक्तदान कार्यक्रम हुन थालेको छ र महिला सहभागिता पनि बढ्दो छ । तर जुन रूपमा महिला सहभागिता हुनुपर्ने हो त्यो ग्रामीण क्षेत्रको कुरा परै जाओस् वीरगंज महानगरपालिकामा समेत बढ्न नसकेको उनले बताए ।

## परमादेश जारी भएका जन्मसिद्धका छोराछोरी नागरिकता पाउनबाट वञ्चित

प्रस, वीरगंज, ९ भदौ/

जिल्ला प्रशासन कार्यालय, पर्सामा


जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकता लिनेहरूको लाम । तस्वीर: प्रतीक

०६३ सालमा जन्मका आधारमा नेपाली नागरिकता लिएकाहरूको छोराछोरी अदालतको परमादेश लिएर पनि नागरिकता पाउनबाट वञ्चित छन् ।

यस अघि केपीशर्मा ओलीको मन्त्रिमण्डलले ०६३ सालमा जन्मको आधारमा नेपाली नागरिकता पाएका नागरिकका छोराछोरीलाई नेपाली वंशज नागरिकता दिने निर्णय गरेको थियो । तर सो निर्णय कार्यान्वयनमा आएको केही दिनपछि नै सर्वोच्चले उक्त नागरिकतामा रोक लगाएको थियो । मन्त्रिमण्डलको निर्णयपछि केही जन्मसिद्ध नागरिकका छोराछोरीले नेपाली नागरिकता लिन सकेपनि सर्वोच्चको आदेशपछि अहिले यस प्रकारको नागरिकता दिन रोकिएको पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरे बताए ।

उनले गृह प्रशासनको मौखिक आदेशमा यस अघि यो प्रकृतिको नागरिकता वितरणमा रोक लागेको बताए । अहिले सर्वोच्च अदालतबाट रोक लागेपछि नागरिकता वितरणमा रोक लागेको बताए । तर उच्च अदालतबाट हालै एकजना जन्मसिद्ध नागरिकका छोरालाई स्पष्ट भाषामा नागरिकता दिन निर्णय भएपछि तिनलाई जिल्ला प्रशासन कार्यालय, पर्साले नागरिकता उपलब्ध गराएको स्रोतले जनाएको छ ।

जिप्रका पर्साका सूचना अधिकारी एवं सहायक प्रजिअ भीमकान्त पौडेलले नागरिकता दिनका लागि किटान गरिएको फैसलामा नागरिकता वितरण भएको बताए । उनले कानूनबमोजिम गर्न आदेश भएका फैसलाहरूमा भने नागरिकता वितरण नभएको प्रस्ट्याए । सूचना अधिकारी पौडेलले सर्वोच्च अदालतबाट रोकिएको तर त्यस मुनिका अदालतबाट परमादेश जारी भएको फैसलाका सयभन्दा बढी नागरिक नागरिकता पाउन लाइनमा रहेको बताए । उनले सर्वोच्चको आदेशपछि यसको निकास हुने बताए ।

जन्मसिद्ध नागरिकता पाएका छोराछोरीमध्ये अहिले विदेशमा अध्यापन गर्नेहरूलाई समस्या भएको एकजना अभिभावकले भने । उनले आफ्नो जन्मसिद्ध नागरिकता रहेको पत्नीको वंशज अनि छोराको उच्च अदालतको परमादेशबाटै दुई वर्ष अघि जिल्ला प्रशासन कार्यालय, पर्साबाट वंशज नागरिकता लिएकोमा अहिले सोही उच्च अदालतबाट जारी परमादेशका आधारमा छोरीलाई नागरिकताबाट वञ्चित पारिएको बताए । उनले छोरी नाबालिक हुँदा पासपोर्ट बनेको तर अहिले भारतमा अध्ययनका लागि नेपाली नागरिकता आवश्यक पर्दा अदालतको शरणमा गएर पनि राहत पाउन नसकेको बताए ।

उनीजस्तै थुप्र जना अहिले अदालतको परमादेश लिएर जिल्ला प्रशासन कार्यालय धाइरहेका छन् ।

उच्च अदालत वीरगंज बारका पूर्व अध्यक्ष अधिवक्ता सुधीर कर्णले एकै प्रकृतिका मुद्दामा पटकैपिच्छे आदेश जारी हुन नपर्ने हो । तर त्यसरी पटके आदेश जारी हुँदा अदालतकै मानहानि हुने प्रतिक्रिया दिए ।

यस प्रकारको परमादेश जारी भएकाहरूले नागरिकता पाउन पुनः अदालतको ढोका ढकढक्याउने र जिप्रकाविरुद्ध अवहेलनाको मुद्दा दिनुपर्ने सुझाएका छन् ।

## मुद्दा जिते पनि रूँगटा समूहले पाएन डेढ करोड

राधेश्याम पटेल, परवानीपुर,९ भदौ/

राजस्वसम्बन्धी मुद्दामा वीरगंजको


रूँगटा समूहका सुरेश रूँगटा । तस्वीर: प्रतीक

रूँगटा समूहले मुद्दा जितेको दुई वर्ष बितिसक्दा पनि ड्राईपोर्ट भन्सार कार्यालयबाट डेढ करोड रुपियाँ फिर्ता पाउन सकेको छैन । भन्सार कार्यालय, भन्सार विभाग र अर्थ मन्त्रालयको उदासीनताका कारण उक्त समूहको ओम चावो बिरो फिड इन्डस्ट्रिज प्रालि (ओसिबी)ले डेढ करोड रकम फिर्ता पाउन नसकेको हो ।

२०७३ सालमा ओसिबीले आयात गरेको ४० हजार टन भटमासको गेंडाको भन्सार कार्यालयले करीब ३ करोड राजस्व असुलेको थियो । औद्योगिक प्रयोजनमा भित्रिने भटमासको गेंडामा भन्सार कार्यालयले गैरकानूनीरूपमा १० प्रतिशत भन्सार महसूल असुलेको कारण उद्योगले राजस्व न्यायाधीकरणको कार्यालय, काठमाडौंमा मुद्दा हालेको थियो । त्यस बेलाको आर्थिक ऐनमा तेल तथा पिना उत्पादन गर्ने उद्योगलाई ५० प्रतिशत छुट पाइने उल्लेख थियो । तर भन्सार अधिकारीहरूले गलत व्याख्या गर्दै दुइटै उत्पादन गर्नेलाई मात्र छुट हुने विश्लेषण गर्दै बढी महसूल तिराए, छुट दिएनन् । त्यसपछि उद्योगले राजस्व न्यायाधिकरणको कार्यालय, काठमाडौंमा बढी तिरेको राजस्व फिर्ता पाउँ भनी मुद्दा गऱ्यो । उद्योगीको दाबी ठहर गर्दै न्यायाधिकरणले मुद्दा टुङ्ग्यायो । त्यसपछि भन्सार कार्यालय पुनरावेदन गर्न रिट लिएर सर्वोच्च अदालत गयो । तर सर्वोच्चले भन्सार कार्यालयको दाबी खारेज गर्दै रिट दर्ता नगरी फर्कायो । यो सबै प्रक्रिया पूरा हुँदा तीन वर्ष नाघिसकेको छ ।

गत २०७६ फागुनमा उद्योगले मुद्दा जितेपछि भन्सार कार्यालयलाई तिरेको राजस्व फिर्ता गर्न निवेदन पठायो । भन्सारले कार्यालयले भन्सार विभागलाई र भन्सार विभागले अर्थ मन्त्रालयलाई पत्राचार गरेको ओम चावो बिरोका सञ्चालक सुरेश रूँगटा बताउँछन् । त्यसपछि दुई वर्ष केही भएन । गत २०७६ असारका अन्तिम साता ड्राइपोर्ट भन्सारका अधिकारीहरूले राजस्व फिर्ताको लागि कागजात ठीक पार्नू भनेर फोन पनि गरेका थिए । तर राजस्व फिर्ता नभएको उनले गनासो गरे ।

"असार २० गते पैसा आउँदैछ, कागजात ठीक पार्नुहोला भनेर एकजना कर्मचारीले फोन गरेका थिए"–उनले भने–"तर ५ वर्षदेखि सरकारी कार्यालय धाउँदाधाउँदा थाकिसकेको छु, कुनै सुनुवाइ छैन ।" योभन्दा अरू पीडादायी कुरा

(बाँकी पाँचौं पातामा)

कुनै पनि स्वास्थ्य समस्या भएमा नजीकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## विचारसार एवं सूक्तिहरू

**केही पाउन वा बन्नका लागि आफ्नै भरोसा चाहिन्छ। साथ जतिकै स्थायी र विश्वसनीय किन नहोस्, एक दिन अवश्य छुट्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## भए बेवास्ता, नभए चिच्याइ

**हाम्रो समाजका मानिस थेत्तर छन्। सबै सुविधा खोज्छन्, सुविधा पायो भने उपयोग गर्न चाहँदैनन् वा जान्दैनन्। विदेशको सामाजिक व्यवस्थाको बखान गर्छन्, गली–सडक सफा देखेर डाहा गर्छन्, तर आफू अग्रसर भएर शहर, गली सफा राख्ने चेष्टा गर्दैनन्। सिस्टम बसाउन गरिएको प्रत्येक कामलाई आफ्नो स्वतन्त्रतामाथि प्रहार ठान्छन्। आफ्नो दम्भका लागि सडक साँघुरा र गली अँध्यारो पार्छन्, सडकमा जथाभावी सवारी साधन तेर्स्याएर पुरुषार्थी बन्छन्। नियम तोड्नका लागि बनाइएको ठान्छन्। विदेश राम्रो भएको सरकारले गर्दा मात्र होइन, जनताले पनि नियम पालना गरेर भएको कुरामा ठ्याम्मै विश्वास गर्दैनन्। व्यक्तिले अर्घेलो थप्दै जाने राज्यले समाधान खोज्दै जाने मनोग्रन्थि घनीभूत छ। भौतिक उन्नति त भइरहेको छ, नैतिक र दायित्वपूर्ण उन्नति शून्य छ। लिने संस्कारले समाजलाई गाँजेको छ। सबै लिन जान्दछन्, दिन कोही जान्दैन। दिनु भनेको सानो हुनु हो, लिनु नै ठूलो हुनु हो। यो विकृत मनोविज्ञान समाजमा, हरेक तह–तप्कामा ठुसिएको छ।**

**पानीलाई तह लगाउन बाँध, नहर, नाला बनाएजस्तै मानिसको स्वेच्छाचारी प्रवृत्तिमा लगाम लगाउन नियमरूपी बाँध, नहर, नाला आवश्यक हुन्छ। जथाभावी नोक्सान गर्दै हिंड्ने पानीलाई बाँध बनाएर रोक्दा र निर्धारित बाटोमा निर्देशित गर्दा धेरै फाइदा हुन्छ। विद्युत् उत्पादन हुन्छ, सिंचाइ हुन्छ। मानिसलाई पनि नियमरूपी बाँध बनाएर तह लगाउँदा समाज, देशले उन्नति गर्छ। वीरगंज नगरमा सवारी साधनहरू, खासगरी सार्वजनिक क्षेत्रका, जथाभावी सडकमा राख्दा समस्या देखियो। करोडौं रुपियाँ खर्च गरेर नगरपालिकाले बसपार्क बनायो तर बसहरू आज पनि सडकमैं तेर्सिन्छन्, मात्र केही पैसा बचाउनका लागि। हाम्रो समाजको अर्को समस्या यहाँ देखिन्छ। मानिस पैसा खर्च गर्न चाहँदैनन्, जान्दैनन् पनि। बचत गरेको ५०–१०० रुपियाँले समाज कहाँबाट कहाँ पुग्छ भन्ने कुराको तनिक बोध गर्दैनन्। बस पार्कमा पार्किङ गर्दा रु ३० देखि बढीमा रु ७० खर्च हुन्छ। करोडौं लगानी गरेर यातायात सञ्चालन गर्ने व्यक्तिका लागि यति जाबो रकम किन प्यारो ? अनि करोडौं खर्च गरेर बस पार्क बनाउने नगरपालिकालाई त्यस्तो गराउन के समस्या ?**

**नगरपालिका, अब महानगरपालिकाले, एउटा टो–गाडी खरीद गरेर, सडकमा तेर्सिएका यस्ता लावारिस सवारी साधनलाई आफ्नो मातहतमा लिन सक्छ। सामान्य उपाय हो। ट्राफिक प्रहरीले त्यसमा योगदान दिन सक्छ। प्रशासनिक निकायले होस्टेमा हैंसे गर्न सक्छ। तर कोही अघि सर्दैन। सडक लावारिस सवारी साधन र चौपायाहरूको अभयारण्य बनिरहन्छ। अनि नागरिकले रोदन किन गर्ने ? ट्राफिक प्रहरीले सहयोग गरेन भनेर स्थानीय सरकार किन रुष्ट हुने ? देशमा आज कोही कसैभन्दा सानो छैन। कोही कसैभन्दा ठूलो छैन होइन, सानो छैन। निर्देशन, आदेश, नियमको पालना त सानोले गर्छ। आफूले आफैंलाई सानो नमान्दा निर्देश मान्नै परेन। यै मनोग्रन्थि जटिल छ। सडकमा, फूटपाथमा, गलीमा बजार लाग्छ, व्यवस्थित बजार शहरमा छैन। सबै वडामा कम्तिमा एउटा बजार स्थापना गरेर यो भाँडभैलो हटाउन नसकिने त होइन ? कहीं पालिका अघि सर्नुपर्‍यो, कहीं नागरिकले सहयोग गर्नुपर्‍यो। ट्राफिक प्रहरीकै सहयोग किन खोज्ने ? त्यहाँ काम गर्नेहरू यस नगरका होइनन्। नगरवासीलाई नै आफ्नो चिन्ता छैन भने उसले किन वास्ता गर्ने ?**

# किन कमजोर छ सामाजिक अनुसन्धानको पाटो ?

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**आर्थिक पाटौ नै सबैथोक हो कि सामाजिक तथा सांस्कृतिक पाटोको पनि महत्त्व छ ? अहिले जसरी सबैतिर भौतिक पूर्वाधार र आर्थिक पाटोको, जुन रूपमा वाहवाही भइरहेको छ, यसले कालान्तरमा हाम्रो समाजको पहिचान सुरक्षित रहन सक्ला कि नसक्ला ?**

समाजको आफ्नै गति हुन्छ। परिवर्तनको आफ्नै दिशा हुन्छ। यसमा एकाध मानिसले सामान्यावस्थामा चाहेर वा नचाहेर खासै फरक पर्दैन तर यदि समाजलाई मिहिन अध्ययन गर्ने हो भने शक्तिशाली व्यक्तिको समाज र सामाजिक व्यवस्थामाथि प्रभुत्व रहेको पाइन्छ। कुनै एक व्यक्ति यदि शक्तिशाली निस्क्यो भने समाजको स्वरूपमा धेरै हदसम्म परिवर्तन गर्न सक्छ। समाजको स्वरूप भन्नुको अर्थ समाजको कुनै निश्चित एकाइका सदस्यहरूका लागि उपलब्ध हुने भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, सञ्चार तथा नितान्त वैयक्तिकदेखि सामाजिक सामूहिक चिन्तनसम्म हो। सामान्यतया समाजलाई आन्तरिक र बाह्य धेरै कुराले प्रभाव पारिरहेको हुन्छ तर आन्तरिकभन्दा बाह्य कारणले समाजमा देखिनेगरी परिवर्तन हुन्छ।

समाजमा परिवर्तन त हुन्छ तर परिवर्तन सकारात्मक हो कि नकारात्मक मापन कसरी गर्ने ? समाजमा हुने कुनै पनि परिवर्तनको विरोध गर्नेहरू जहिले पनि हुन्छन्। अहिलेसम्म कुनै ठोस वा अठोस जुनसुकै परिवर्तन भए पनि विरोध गर्ने मानिसको नितान्त अभाव भएको सम्भवतः नहोला। कुनै पनि परिवर्तनलाई आत्मसात् नगर्नुका पछाडि कम्तीमा दुई विचार विद्यमान हुन्छ। जसले विरोध गरेको हो, उसलाई परिवर्तनले नोक्सान पुर्‍याउँछ भन्ने लागेको हुन्छ वा परिवर्तनमा आफ्नो भूमिका नहुँदा भूमिकाको खोजी भएको हुनुपर्छ। भूमिकाको खोजी गर्नेले परिवर्तन आइसकेपछि पनि त्यसको विरोध गर्छ तर सम्भव भएसम्म पछाडि फर्केर जान खोज्दैन बरु थप परिवर्तनमा आफू सक्रिय हुन खोज्छ।

समाजमा परिवर्तन भइरहन्छ तर समाजमा परिवर्तन कुन तहसम्म तथा कसरी भएको छ भन्ने विषयमा किन अनुसन्धान हुँदैन ? कुन अवस्थामा कुन समाज कस्तो छ वा थियो भन्ने कुराको अभिलेखन भएको पाइँदैन। उदाहरणको लागि कुनै निश्चित स्थानीय तह वा गाउँमा कुनै एक दलित जातिको अवस्था कुनै निश्चित मितिमा कस्तो थियो र अहिले दश वर्षमा सोही दलित जातिको अवस्थामा के कति परिवर्तन आयो ? परिवर्तन कसरी आयो ? परिवर्तनमा त्यहीको समाजले भूमिका खेलेको छ कि छैन ? परिवर्तनमा सम्बन्धित दलित जातिको आफ्नो योगदान कति छ ? बाह्य कारण के कति जिम्मेवार रहेको छ ? यी र यस्ता पक्षमा अनुसन्धान हुन सकेको छैन। यी र यस्ता कुनै पनि सामाजिक विषयवस्तुमाथि खासै परिवर्तनको पक्षमा अनुसन्धान हुन नसक्नुका कारण बुझ्नु आवश्यक हुन्छ।

कतिपयले के भन्ने गरेका छन् कि सबैभन्दा पहिले मानिसले आफ्नै अभिलेखीकरण गर्ने गरेको छैन। आफ्नै काम र योगदानमा अभिलेखीकरण नगर्ने मानिसले कसरी समाज परिवर्तनको अभिलेखीकरण गर्ला ? अर्कोथरीको भनाइ छ–समाजमा शिक्षा र चेतनाको अभाव छ र हरेक कुरालाई आर्थिक परिवर्तनसित जोडेर हेरिन्छ। आर्थिक परिवर्तन नै सबैथोक हो भन्ने समाज मनोविज्ञानको विकास भएकोले शिक्षाको उद्देश्य पनि अर्थोपार्जन मात्र हुनुपर्छ भन्ने मनोविज्ञानले काम गर्दै जो जे जति सक्षम छ, त्यति धेरै प्राविधिक शिक्षामा जोड दिएर आफ्नो सन्तानलाई सोही अनुरूप बन्न उत्प्रेरित गर्छ। यसको परिणति यो भएको छ कि सामाजिक विषयवस्तुमाथि अनुसन्धानको पाटोमा शिक्षाको उज्यालो पर्नै सकेको छैन। उच्च शैक्षिक जनशक्तिले पनि सामाजिक अनुसन्धानको महत्त्व बुझ्न सकेको छैन। यस परिवेशमा यो पनि देखिएको छ कि अहिले सामाजिक शास्त्र तथा मानविकीका विषयहरू सुक्दै गइरहेका छन्। सामाजिक शास्त्र तथा मानविकीको नाम नसुन्ने उच्च शिक्षित वर्गको समूह अब समाजमा बिस्तारै ठूलो हुँदै गइरहेको छ। जहाँ बढी आर्थिक पक्ष बलियो भएर आउँछ, त्यहाँ समाज र सामाजिक विषयवस्तुबारे बुझ्नेहरू बिस्तारै कम हुँदै जान्छन्।

समाजमा अनेक तथ्य छन्। अनेक तथ्याङ्क छन्। ती तथ्य र तथ्याङ्क सङ्कलन गर्ने, विश्लेषण गर्ने, परिमार्जन गर्ने, प्रस्तुत गर्ने मानिसको आजभोलि अभाव हुँदै गइरहेको छ। यसको परिणति यो पनि हुनुपर्छ कि बाहिरबाट जे जस्तो उपभोग्य वस्तु आउँछ, परिवर्तनको नाउँमा आँखा चिम्लेर स्वीकार गरिन्छ। हाम्रो समाजबाट माटोको भाँडो पूरै हराएर गयो। माटोको भाँडोको ठाउँमा प्लास्टिकको भाँडो आयो। यो यस कारण सबैले सजिलै स्वीकार गरे कि यो उपभोगमा सजिलो छ। अहिले माटोको गिलास कतै पनि पाइन्न। हो, कतिपय शहरले भने जोगाएर राखेका छन्। कुनै काम विशेषले हामी त्यहाँ पुग्दा त्यसको प्रशंसा गर्दछौं। प्रशंसा गर्ने तर हाम्रो समाजमा त्यसलाई कसरी ल्याउन सकिन्छ भन्नेतिर भने ध्यान जान्न। अहिले प्लास्टिकको झोलाले जुन स्थान पाइसकेको छ, आजभन्दा चालीस वर्ष पहिले यसको अस्तित्व कस्तो थियो अहिलेका युवालाई थाहै छैन। कसरी त्यतिबेलाको समाज चलेको थियो र समाजमा कसरी सामान आदानप्रदान हुन्थ्यो भन्ने पक्षबाट युवा पुस्ता अनभिज्ञ बन्दैछ। प्लास्टिकको झोला वा सामान हाम्रो स्वास्थ्य तथा वातावरणको लागि फाइदाजनक छ भन्ने होइन। यसबाट हाम्रो वातावरणीय स्वास्थ्यमाथि गम्भीर असर पुगिरहेको छ तथा मानिसको स्वास्थ्यमा पनि गम्भीर प्रभाव परिरहेको छ भन्ने कुरो बुझेका छौं। बुझेर पनि हामी यसरी अभ्यस्त भइसकेका छौं कि घरबाट बाहिर निस्कँदा कुनै पनि सामान किन्नुछ भनेर व्यवस्था गरेर जाँदैनौं र सजिलोको लागि प्लास्टिकको बोरा वा झोला मागिहाल्छौं। त्यसैमा सामान ल्याउँछौं।

यहाँ सामानको प्रसङ्ग वा सन्दर्भ मात्र होइन। प्लास्टिकको उपभोगमा वृद्धि भएपछि कुन कुन पेशामा असर पर्‍यो ? कुन कुन पेशालाई प्लास्टिकले विस्थापित गर्‍यो ? प्लास्टिकले हाम्रो समाजको पैसा कसरी बाहिर लगेको छ ? प्लास्टिकले घरका कुन कुन काममा वर्चस्व जमाइसकेको छ। त्यो वर्चस्व जमाएको कहिलेदेखि हो ? त्यसको ठाउँमा पहिले के प्रयोग हुन्थ्यो ? पहिले प्रयोग हुने वस्तु वा भाँडोको अवस्था कस्तो छ ? अहिले फेरि प्रयोग र प्रचलनमा ल्याउन सकिन्छ कि सकिंदैन ? यस विषयमा कुन उमेरका मानिसको विचार वा राय कस्तो छ ? यसरी विचार जान्न खोज्दा पश्चगामी भएको आरोप लाग्ला कि मौलिकता जोगाउने अभियन्ता भन्ला ? व्यक्ति, समाज र वातावरणलाई हानि–नोक्सानी पुर्‍याउने प्लास्टिक र यस्ता अन्य वस्तु विस्थापित गर्ने अभियान चलाउन सकिन्छ कि ? यसको विरोध गर्नेहरू पनि निस्कलान् ? यस्ता पक्षमाथि अनुसन्धान गर्नेले के कस्ता अप्ठ्याराको सामना गर्नुपर्ला ? समाज, स्थानीय सरकार तथा केही एनजिओ वा समूहले सहयोग पनि गर्ला कि ? अहिलेको समाजमा एनजिओको भूमिका कस्तो हुन सक्ला ? अनुसन्धानको विषय यो वा यस्तो पनि हुन सक्छ।

आर्थिक पाटौ नै सबैथोक हो कि सामाजिक तथा सांस्कृतिक पाटोको पनि महत्त्व छ ? अहिले जसरी सबैतिर भौतिक पूर्वाधार र आर्थिक पाटोको, जुन रूपमा वाहवाही भइरहेको छ, यसले कालान्तरमा हाम्रो समाजको पहिचान सुरक्षित रहन सक्ला कि नसक्ला ? समाजमा रहेका विकृति, विसङ्गति तथा कुरीति र कुसंस्कार हटाउनै पर्छ। विभेद र शोषणको अन्त्य हुनै पर्छ। यसको अर्थ यो पनि हो कि समाजमा रहेका हाम्रा अमूल्य तर अमूर्त वा अभौतिक सम्पदाको पनि संरक्षण हुनुपर्दछ। हाम्रा सामाजिक विश्वासहरू जो कतिपय अवस्थामा अन्धविश्वास पनि होलान्, तिनीहरूको स्वरूप कस्तो थियो, भावी पुस्ताले जान्न पाउनेगरी कसरी भिडियो वा बोली वा अभिलेखन गरेर सुरक्षित राख्न सकिन्छ भन्ने विषयमा पनि सोच्नु आवश्यक छ। यसको अर्थ यो कदापि नलगाइयोस् कि त्यस्ता विकृतिलाई सामाजिक सम्पत्ति मानेर संरक्षण गर्नुपर्दछ।

अहिले देशमैं समाज अध्ययन गर्ने संस्कृति हराउँदै गएको छ। पहिले धेरै थियो भन्ने होइन, तर पहिले अहिलेको जस्तो तीव्र गतिमा समाजमा परिवर्तन पनि भएको थिएन। अहिले समाजमा तीव्र गतिमा परिवर्तन भइरहँदा समाजको परिवर्तनको गति वा मात्रा मापनको लागि पनि सामाजिक अध्ययन, अनुसन्धान हुनु आवश्यक छ। सामाजिक अध्येताहरू जन्माउने विचार नै शून्य नहोओस्। सामाजिक शास्त्र तथा मानविकी हराएर नजाओस् र यसको मूल्य र महत्त्वको खोजीमा बौद्धिक व्यक्तिहरूको ध्यान जाओस्। समाजको गति मापनको काम हाम्रै समाजका सदस्यहरूबाट आधिकारिक रूपमा हुनुपर्ने देखिन्छ।

# खोपका लागि भण्डारण क्षमता बढाइँदै

–शरद शर्मा
काठमाडौं, ९ भदौ/रासस

स्वास्थ्यसेवा विभागले खोप भण्डारण क्षमता बढाउने भएको छ।


मोडर्ना र फाइजर खोपका लागि बढी चिस्यान चाहिने भएकाले भण्डारण क्षमता बढाउन लागेको विभागको आपूर्ति व्यवस्थापन शाखाले जनाएको छ।

शाखाका प्रमुख उपेन्द्र ढुङ्गानाले सामान्य तापक्रममा खोप राख्नका लागि १९ वटा वाकिङ कुलर तथा बढी चिस्यानमा राख्नका लागि 'अल्ट्रा कुल चेन' र 'सुपर कुल चेन'को भण्डारण क्षमता बढाउन थालिएको बताए।

नियमितरूपमा खोप आइरहेकाले त्यसलाई राख्नका लागि भण्डारण क्षमता बढाउन थालेको विभागले जनाएको छ। नेपालमा लक्षित सबै वर्गलाई लगाउनका लागि कुल पाँच करोड २२ लाख मात्रा खोप ल्याउने तयारी रहेको छ। तीमध्ये अहिलेसम्म एक करोड २० लाख मात्रा खोप नेपाल आइसकेको छ।

"मोडर्ना र फाइजर खोप बढी चिस्यानमा राख्नुपर्ने हुन्छ," उनले भने, "त्यसैले ती खोपलाई आवश्यक तापक्रम अनुसारको भण्डारण क्षमता बनाइनेछ।" ती खोपका लागि आगामी अक्टोबर महीनासम्म भण्डारण क्षमता विस्तार गरिसक्ने उनको भनाइ छ।

मोडर्नालाई १५ देखि २५ डिग्री सेल्सियस र फाइजरलाई ७० देखि ८० डिग्री सेल्सियस तापक्रम आवश्यक पर्दछ। मोडर्नाका लागि सुपर कुल चेन र फाइजरका लागि अल्ट्रा कुल चेनका भण्डारण आवश्यक पर्दछन्। कोभिड–१९ खोप विज्ञ सल्लाहकार समूहका संयोजक डा श्यामराज उप्रेतीले सामान्य तापक्रमका लागि भण्डारण गर्ने क्षमता नेपालमा भएपनि अत्यधिक चीसोमा राखिने खोपका लागि भण्डारण क्षमता नभएकाले बनाउन थालिएको बताए। फाइजर खोप ७० देखि ८० डिग्री सेल्सियस तापक्रममा ६ महीनासम्म राख्न सकिन्छ। त्यसपछि दुई हप्तासम्म १५ देखि २५ डिग्री सेल्सियसमा राखेर एक महीनासम्म दुईदेखि आठ डिग्री सेल्सियस तापक्रममा राख्न सकिने उनको भनाइ छ। उनले मोडर्ना र फाइजर खोप बाहिरबाट ल्याएर काठमाडौंमा मात्र भण्डारण गर्न सकिने बताए। "ती दुई खोप यहाँ मात्र भण्डारण गर्ने र यहाँ




राखिसकेपछि मात्र प्रदेशमा पठाउने व्यवस्था गर्नुपर्दछ," उनले भने, "ती दुई खोप राख्नका लागि त्यही अनुसारको तापक्रमको भण्डारण बनाउने तयारी भइरहेको छ।"

मोडर्ना र फाइजर दुवै खोप अमेरिकाबाट ल्याइने भएको छ। फाइजर खोप १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई लगाइने भएको छ। मोडर्ना ४० लाख र फाइजर ६० लाख मात्रा खोप पुस महीनाभित्रमा ल्याइने सरकारको तयारी छ।

अहिले आएका भेरोसेल र कोभिशिल्ड खोपका लागि दुईदेखि आठ डिग्री सेल्सियस तापक्रम आवश्यक पर्दछ। उनले अहिलेसम्म भेरोसेल र कोभिशिल्ड खोप मात्र भण्डारण गर्नुपर्ने र त्यसलाई एकै तापक्रममा राख्न सक्ने भएकाले समस्या नभएको उनले बताए।

कोभिशिल्डभन्दा भेरोसेल खोपले भण्डारणका लागि धेरै ठाउँ ओगट्ने गरेको आपूर्ति शाखाका प्रमुख ढुङ्गानाले बताए। उनका अनुसार एक करोड मात्रा कोभिशिल्ड खोप राख्ने क्षमतामा दश लाख मात्र भेरोसेल खोप राख्न सकिन्छ। भेरोसेल खोपको प्याकेजिङ ठूलो भएकाले धेरै ठाउँ ओगट्ने गरेको पाइएको छ।

अहिले खोपलाई विभागकै भण्डारणमा राखेर प्रदेशमा पठाइने गरिएको छ। सरकारले असोज मसान्तसम्म एक करोड दुई लाख मात्रा र आगामी चैतसम्म तीन करोड २३ लाख मात्रा खोप अनुदान र खरीद गरेर ल्याउने तयारीमा छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# कोइलाभारमा नेकाको क्षेत्रीय भेला

प्रस, पंचगावाँ, ९ भदौ/

पर्सागढी नगरपालिका–१




कोइलाभारमाई मन्दिर प्राङ्गणमा नेपाली काङ्ग्रेस, पर्सा क्षेत्र नं ३ को क्षेत्रीय भेला भएको छ।

१४औं महाधिवेशनलाई लक्षित गरेर मन्दिर प्राङ्गणमा आयोजित अगुवा कार्यकर्ता भेलामा नेका पर्साका सचिव श्याम पटेलले नेताहरूले सबै कार्यकर्तालाई समेटेर जानुपर्ने सुझाव दिए। उनले महाधिवेशन सफल बनाउन नेता र कार्यकर्ताबीचको पुरानो फाटो हटाएर एकताबद्ध भएर अगाडि बढ्न जोड दिए।

क्षेत्रीय सभापति लुकमान अन्सारीको अध्यक्षतामा भएको भेलामा चन्द्रकिशोर महतो थारू, सुलेमान मियाँ दर्जी, रामेश्वर रौनियार, रामजनम चौधरी, प्रेमलाल चौधरी, भागवत चौधरीलगायतको सहभागिता थियो।

# दोहोरो नागरिकताका आरोपमा पक्राउ

सप्तरी, ९ भदौ/रासस

दुई देशका परिचयपत्र फेला परेपछि एकजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा छिन्नमस्ता गाउँपालिका–२ का प्रमोदकुमार मण्डल छन्।

नेपाली नागरिकता, मतदाता परिचयपत्रका साथै भारतीय आधार कार्ड फेला परेपछि उनलाई अनुसन्धानका लागि पक्राउ गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। अभियुक्तलाई अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी नाथु साहले जानकारी दिए।

जिप्रकाबाट २०६२ भदौ १७ गते उनले लिएको नागरिकता प्रमाणपत्र नं ६६७३ छ। जन्ममिति २०४६ जेठ २३ गते रहेको उनको मतदाता परिचयपत्र ०६७४५८७४ छ।

उनीसँग फेला परेको भारतको आधार कार्डमा भारतीय ठेगाना पिप्रा खुर्द विष्णुपुर–६ सुपौल सरायगढ भपटियाही बिहार ८५२१०५ उल्लेख छ। दुवै परिचयपत्रमा उमेर करीब एक वर्ष फरक देखिन्छ।

# खाल्डोमा डुबेर बालिकाको मृत्यु

राजविराज, ९ भदौ/रासस

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिकास्थित इनर्वामा बुधवार दिउँसो खाल्डोमा डुबेर एकजना बालिकाको मृत्यु भएको छ।

मृत्यु हुनेमा हनुमाननगर कङ्कालिनी–१० का रामलखन खड्की तीन वर्षीया छोरी अञ्जलीकुमारी मण्डल रहेको प्रहरीले जनाएको छ। घरदेखि २०० मिटर उत्तरमा रहेको कमल मण्डलको खेतको छेउमा खाली जग्गामा जमेको पानीमा उनी डुबेकी थिइन्।

शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# छोराको हत्याको आरोपमा आमा जेल चलान

जलेश्वर, ९ भदौ/रासस

महोत्तरी जिल्ला अदालतले छोराको हत्या आरोपमा एक आमालाई जेल चलान गरेको छ। जिल्लाको रामगोपालपुर नगरपालिका–६ बस्ने चन्द्रकिशोर यादवकी कान्छी पत्नी २० वर्षीया रागनी देवीले पाँच वर्षीय छोरा रितेश यादवलाई हत्या गरेको आरोपमा अदालतले उनलाई आज पुर्पक्षका लागि जलेश्वर कारागारमा पठाएको छ।

सोही घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका बुबा चन्द्रकिशोरलाई साधारण तारेखमा छोडेको छ।

१० महीनाअघि जेठी पत्नी छँदाछँदै अर्को जातकी पत्नी (रागनी) भित्र्याएपछि चन्द्रकिशोरलाई जेठी पत्नीले पाँच वर्षीय र अढाई वर्षीय आफ्ना दुई सन्तान (छोरा) लाई पतिकै जिम्मा छाडेर माइती गएर बस्दै आएको बेला गत साउन १४ गते दिउँसो उनको जेठो छोरा पाँच वर्षीय रितेशलाई सौतेनी आमाले घाँटी थिचेर हत्या गरेको आरोपमा उनलाई महोत्तरी जिल्ला अदालतले पुर्पक्षका लागि जेल पठाएको हो। घटनापश्चात् आमा र बुबा दुवैजना घरबाट फरार भएका थिए। प्रहरीले घटना घटाएकै दिन बुबालाई महोत्तरीबाटै र सौतेनी आमालाई धनुषाबाट पक्राउ गरी उनीहरूमाथि कर्तव्य ज्यान मुद्दा चलाएको थियो।

# लहरे वनमाराले वनजङ्गल ढाक्यो खतराको दिन आउँदै



स्वतन्त्र विचार

सुदर्शनराज पाण्डे

**पूर्वदेखि पश्चिम नेपालको १२ सय मिटर उचाइ भएको स्थानमा चिस्यानयुक्त बाँझो खुला ठाउँ, वन क्षेत्रमा लहरे वनमाराले ढपक्कै ढाक्दा बिरुवा उम्रिन नसक्ने र ठूला रूखसमेत मर्दै गएको पाइन्छ। लहरे वनमाराले ग्रस्त क्षेत्रमा जैविक विविधतामा उल्लेखनीय ह्रास पुगेको छ।**

पाँच दशक अगाडि नेपाल भित्रिएको विश्वको दुश्मन भनेर चिनिने आयातित लहर वनमारा मिचाहा प्रजातिले प्राकृतिक वनजङ्गल छिटोछिटो विनाश गर्दैछ। यतिखेर मेचीदेखि महाकालीसम्म लहरे वनमाराले ढपक्कै ढाकेको पाइन्छ। पूर्व–पश्चिम राजमार्गको दायाँबायाँ वनजङ्गलमा हरियो लहरे वनमाराले रैथाने रूखबिरुवा विस्थापित गरिरहेको छ।

मिचाहा प्रजाति भनेको एउटा जीव (बोट, बिरुवा, जीवजन्तु, फङ्गस वा ब्याक्टेरिया) हो जो रैथाने होइन, जसले हाम्रो अर्थतन्त्र, वातावरण र स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्छ। जैविक विविधता संरक्षणको सन्दर्भमा वन, जङ्गल, वासस्थानको विनाशपछि दोस्रो सबैभन्दा ठूलो चुनौती मिचाहा प्रजातिका बोटबिरुवा र जीवजन्तु नै हुन्। आयातित प्रजाति त्यस्ता बोटबिरुवा, जीवजन्तु र सूक्ष्म जीव हुन् जसलाई आफ्नो प्राकृतिक वासस्थानको हदभन्दा बाहिर ल्याई नयाँ क्षेत्रमा स्थापित गरिएको, हुकाईएको हुन्छ। नेपालमा लहरे वनमारालाई एउटा मिचाहा प्रजातिको रूपमा स्वीकार गरिएको छ। लहरे वनमारा अमेरिकाको रैथाने हो।

१५ सय मिलिलिटरभन्दा बढी वर्षा हुने, १२ मिटर उचाइ भएको ठाउँमा लहरे वनमारा फैलिएको पाइन्छ। लहरे वनमाराले सालको बुट्यान मासेको छ। सिमललगायत रूखमा चढेर फैलिंदा रूखै मर्न गएको छ। लहरे वनमाराले ढोकेको स्थानमा कुनै पनि रैथाने बोटबिरुवा उम्रन र हुर्कन सक्दैन। घाँसे मैदान, खाली ठाउँ जतातत्तै लहरे वनमारा फैलिएको छ। लहरे वनमारा बाख्रा, गाईवस्तु केहीले पनि खाँदैन। बोटबिरुवा, अन्न बालीमा लाग्ने रोग फैलाउने कीरालाई लहरे वनमाराले निकै मदत गर्दछ। मिचाहा प्रजातिको वनमाराले बाघ, हात्ती, गैंडा, बँदेललगायत वन्यजन्तुको वासस्थल उजाडिदिएको छ। वृक्षारोपण क्षेत्रमा यो लहरे वनमारा अति फस्टाएको छ। बेलैमा सम्बन्धित निकायले स्थानीय जनताको सहयोग लिएर लहरे वनमाराको विनाशमा आवश्यक कदम नचाल्ने हो भने हामीले हेर्दाहेर्दै प्राकृतिक वन विनाश भई हामी मानिस मात्र होइन, पशुपक्षी सबैको अस्तित्व अति छिटो समाप्त पार्न सक्दछ।



केही वर्ष यतादेखि तराई तथा पहाडी जिल्लाका राजमार्ग वरपरको जङ्गलमा मिचाहा प्रजाति लहरे वनमाराको नकारात्मक प्रभाव तीव्ररूपमा भएको देखिन्छ। केही वर्षदेखि पहाड र मधेसमा पुराना प्रजातिका बोटबिरुवा, घाँसपात विलय हुने र नयाँ–नयाँ प्रजाति उत्पत्ति हुँदै जाने क्रम छ। गाईवस्तुले खाने घाँसपात मासिंदै गएर गाईवस्तुले नखाने नयाँ प्रजातिका घाँसपात बोटबिरुवा फस्टाउँदै गएको छ। लहरे वनमाराको बढ्दो प्रकोप राजमार्ग वरपरको क्षेत्रमा अहिले वर्षा महीनामा राम्रैसँग देख्न सकिन्छ। लहरे वनमाराले ढाकेको क्षेत्रमा रैथाने प्रजातिका रूखबिरुवा सखापै भएको पाइएको छ। सालको बुट्यान मासिएको छ।

सन्तुलित प्राकृतिक वातावरणमा नै मानव, वनस्पतिलगायत सम्पूर्ण जीवजन्तु तथा जैविक विविधताको उपयुक्त ढङ्गले विकास हुन्छ। प्राकृतिक र मानवजन्य क्रियाकलापका कारण वनजङ्गल दिन दुना रात चौगुनाका दरले मासिंदै गएको छ। वन विनाशको यो दुर्भाग्यपूर्ण क्षण हो। प्राकृतिक वातावरणको विनाश, पुरानो रैथाने उपयोगी बोटबिरुवा, वनस्पतिको विनाश र नयाँ अनुपयोगी वनस्पतिको विकास भयो भने मानव तथा प्राणी जातिको अस्तित्वसमेत हराउँछ। हामीले देख्दादेख्दै कतिपय प्राणी र वनस्पति विलय हुँदै गएको छ। सिमल, जामुन, कर्मा, सतिसाल, विजयसाल, खयर आदिको जङ्गल मासिएर बोटबिरुवा पाउन मुश्किल छ। गिद्ध, गँगटो, गँडचौला, कछुवा, चील आदि हराउँदै गएको छ। जसबाट इकोलोजिकल ब्यालेन्स, प्राकृतिक सन्तुलनको सङ्कट देखा परेको छ। काम नलाग्ने वनस्पति, झार मार्न विषादि प्रयोग हुने गरेको छ। नेपालमा प्राकृतिक सम्पदा, जैविक विविधताको समुचित संरक्षण, व्यवस्थापन र सदुपयोग गर्नुपर्ने टड्कारो आवश्यकता आइपरेको छ। वातावरणीय ह्रास, जलवायु परिवर्तन वर्तमान चुनौती हो। वातावरणीय ह्रासबाट जैविक जगत्मा डरलाग्दो असर उब्जिन पुगेको छ। यसतर्फ सबैको ध्यानाकर्षण हुन जरूरी छ। विश्वको दुश्मन लहराको रूपमा परिचित लहरे वनमारालाई नेपालमा एउटा मिचाहा प्रजातिको रूपमा स्वीकार गरिएको छ। पूर्वदेखि पश्चिम नेपालको १२ सय मिटर उचाइ भएको स्थानमा चिस्यानयुक्त बाँझो खुला ठाउँ, वन क्षेत्रमा लहरे वनमाराले ढपक्कै ढाक्दा बिरुवा उम्रिन नसक्ने र ठूला रूखसमेत मर्दै गएको पाइन्छ। लहरे वनमाराले ग्रस्त क्षेत्रमा जैविक विविधतामा उल्लेखनीय ह्रास पुगेको छ।

# प्रस्तावित लोकतान्त्रिक समाजवादी पार्टीद्वारा तोकिएको समयमैं सनाखत

काठमाडौं, ९ भदौ/रासस

निर्वाचन आयोगले तोकेकै समयमा पुगेर महन्थ ठाकुर नेतृत्वको प्रस्तावित लोकतान्त्रिक समाजवादी पार्टी नेपालले नयाँ दल दर्ताका लागि निवेदनमा उल्लेख भएकाको नाममा सनाखत गरेको छ। आयोगले अपराह्न २ बजेसम्मका लागि दिएको समयभित्रै पुगेर नेताहरूले सनाखत गरेका हुन्। नयाँ दल दर्ताका लागि जनता समाजवादी पार्टी (जसपा)का ५१ सदस्यीय कार्यकारिणी समितिका १७ जनाले सनाखत गरेका छन्। यो कुल सदस्य सङ्ख्याको ३३ प्रतिशत हो।

यस्तै, राष्ट्रियसभाका तीन र प्रतिनिसिभाका ३४ गरी ३७ सांसदमध्ये १५ जना अर्थात् करीब ३७ प्रतिशतले सनाखत गरेको जनाइएको छ। उक्त पार्टीका दुईजना सांसद भने हाल निलम्बित छन्।

प्रस्तावित पार्टीको अध्यक्षमा महन्थ ठाकुर र वरिष्ठ नेतामा राजेन्द्र महतोलाई प्रस्ताव गरिएको छ। पार्टीमा ३१ सदस्यीय केन्द्रीय कार्यकारिणी समिति रहनेगरी नामावली बुझाइएको छ। पार्टीको चुनाव चिह्न भने साइकल प्रस्ताव गरिएको छ।

सनाखतपछि पत्रकारसँगको संक्षिप्त कुराकानीका क्रममा ठाकुरले कानूनी मान्यताका लागि सनाखत गर्न आयोगले बोलाएकोले समयमैं उपस्थिति भएर सनाखत गरेको जानकारी दिए। उनले दर्तापछि नयाँ पार्टीलाई सशक्त लोकतान्त्रिक शक्तिको रूपमा अघि बढाउने जानकारी दिए। सरकारले हालै ल्याएको अध्यादेशमा दल विभाजन हुन केन्द्रीय समिति वा संसदीय दलमा २० प्रतिशत पुगे हुने प्रावधान रहेको छ।

# बलात्कार आरोपमा इन्जिनीयर थुनामा

सप्तरी, ९ भदौ/रासस

सप्तरीकी २४ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा एकजना इन्जिनीयर पुर्पक्षका लागि राजविराज कारागार चलान भएका छन्। अग्निसाइर कृष्णसवरण गाउँपालिका–१ का २५ वर्षीय राकेशकुमार चौधरीलाई पुर्पक्षका लागि बुधवार कारागार पठाइएको जिल्ला अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले बताए।

पीडित महिलालाई २०७८ वैशाख २ गते चौधरीले बलात्कार गरेको जनाउँदै इलाका प्रहरी कार्यालय कञ्चनरूपमा गत साउन १४ गते उजूरी दर्ता भएको थियो। गाउँपालिकाकै महुली चोकमा भेट्न बोलाई अग्निसाइर कृष्णसवरण–१ सखुवा तीनमुखेस्थित जङ्गलमा लगेर पर्सा, वीरगंज महानगरपालिकाका इन्जिनीयर चौधरीले बलात्कार गरेको पीडितले आरोप लगाइन्।

इलाका प्रहरी कार्यालय कञ्चनरूपले साउन १५ गते उजूरी दर्ता गरी सोही दिन आरोपितलाई पक्राउ गरेको थियो। आरोपितले बिदामा घर आउँदा भेट भएको जनाउँदै पीडितले आफूलाई लगाएको आरोप झूटो भएको जिकिर गरे।



**मालुकाको पात लिएर घर फर्किंदै थारू महिला:** आउँदै गरेको श्रीकृष्ण जन्माष्टमी पर्वका लागि घोराही–१७ कर्जाहीका थारू महिला वनबाट मालुकाको पात टिपेर घर फर्किंदै। थारू समुदायले पूजाआजामा बढी मालुकाको पात प्रयोग गर्छन्। तस्बिरः रञ्जीता अधिकारी/रासस

# विदेश बसेका युवा एसइई उत्तीर्ण

राजविराज, ९ भदौ/रासस

वैदेशिक रोजगारमा कार्यरत एकजना युवालाई २०७७ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गराएको विषयमा छानबिन सुरुआत गरिएको छ। सप्तरीको सप्तकोशी नगरपालिका–१० स्थित जनता माध्यमिक विद्यालय भगनी मलेठले ६ वर्षदेखि वैदेशिक रोजगारका क्रममा मलेसियामा कार्यरत गोपाल सन्तलाई अङ्क थपेर २.७५ जिपिए ल्याइ एसइई पास गराएको विषयमा छानबिन शुरू गरिएको हो।

उक्त विद्यालयले वैदेशिक रोजगारमा रहेको युवालाई एसइई पास गराएका विषयमा समाचार सार्वजनिक भएपछि विद्यालयमाथि छानबिन शुरू गरिएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख विजय मण्डलले जानकारी दिए।

उनले भने, "एसइई पास गराउने विद्यालयबाट सबै विवरण माग गरी सम्पूर्ण कागज झिकाइसकिएको र विवरणमा के त्रुटि भएको छ हेरेर शिक्षा नियमावली अनुसार कारबाई प्रक्रिया अघि बढाइनेछ।"

विद्यालयका प्राध्यापक श्यामकान्त चौधरीले प्राविधिक गडबडीका कारण विदेशमा भएको युवा पास हुन भएको बताए। उनले विद्यार्थीको भौतिक उपस्थितिविना अङ्क दिनुपरेको तथा अनुपस्थित लेखिनुपर्नेहरूमा नम्बर चढ्न गएर ती विद्यार्थी पास भएको प्रतिक्रिया दिए। कम्प्युटरमा नम्बर चढाउने बेला गलतीले नम्बर चढ्न गएको विद्यालयले जनाएको छ।

सप्तकोशी नगरपालिकाका प्रमुख उत्तमकुमार गौतमले विद्यालयलाई पत्राचार गरिए पनि मागबमोजिम कागज अहिलेसम्म उपलब्ध नगराएको बताए। नगरपालिकाले समेत छानबिन गरी दोषी ठहरिए कानूनबमोजिम कारबाई गरिने उनले बताए।

गोपालका पिता राम सन्त सोही विद्यालयमा कार्यालय सहयोगी रहेका हुनाले प्रधानाध्यापक चौधरीलाई प्रभावमा पारी परीक्षा फाराम भरेको हुन सक्ने आशङ्का गरिएको छ।

राष्ट्रिय परीक्षा बोर्डले जारी गरेको विद्यार्थी नतीजा, प्रकाशन तथा प्रमाणीकरण कार्यविधि २०७७ मा विद्यार्थीको परीक्षाको अन्तिम मूल्याङ्कन गर्न सम्बन्धित विद्यालयका प्रधानाध्यापक रहनेगरी तीन सदस्यीय समिति गठन गर्ने व्यवस्था छ।

कोरोना महामारीको फाइदा उठाउँदै प्रधानाध्यापकसहितको मिलेमतोमा अधिकांश विद्यालयले एसइईको नतीजामा अनियमितता गरेको स्थानीयवासीको आरोप छ।

# पग्लदै हिमाली बस्ती

–वासुदेव पौडेल र नीरज थकाली
गण्डकी, ९ भदौ/रासस

दुई महीना अघि हिमालपारिको जिल्ला मुस्ताङको नीलगिरि हिमाल आसपासको बस्तीमा भीषण वर्षा भयो। नीलगिरि हिमालका फेदीका बस्तीहरू लुप्रा, मार्फा, जोमसोम, छैरू, ठिनी, स्याङलगायत गाउँमा वर्षाले ठूलै असर गऱ्यो । सामान्यतः पानी नै नपर्ने र परिहाले पनि अत्यन्त कम पर्ने ती बस्तीमा एकाएक ओइरिएको पानीले परम्परागत रूपमा निर्मित माटोका छत भएका अधिकांश घरमा क्षति पुगेको मुस्ताङको घरपझोङ गाउँपालिका–५ ठिनीका ज्येष्ठ नागरिक कालबहादुर थकालीले जानकारी दिए ।

"यस क्षेत्रमा यस अघिका वर्षमा यति धेरै पानी परेको मेरो अनुभवमा छैन"– ७५ वर्षीय थकालीले भने– "पछिल्ला वर्षमा बर्सेनि हिमालका माथिल्ला बस्तीमा पानी पर्ने क्रम बढ्दै गएको छ ।" मुस्ताङका अधिकांश बस्तीहरू माटोको शहरका रूपमा परिचित छन् । कम पानी पर्ने भएका कारण यहाँका अधिकांश घर माटोले छापिएका छन् । प्रायशः हिउँ मात्र परिरहने भएकाले छतमा जमेको हिउँ फालिदिएपछि अन्य कुनै समस्या बेहोर्नु नपर्ने यहाँका स्थानीयवासीको अनुभव छ। प्रायः चीसो भइरहने हुँदा माटोले बनाइएका यहाँका घर वातावरण अनुकूल मानिन्छ। माटो छाइएका घरमा बाहिर जस्तोसुकै हिउँ परे पनि घरभित्र न्यानो भइरहन्छ। माटोका घर हिमाली क्षेत्रका बस्तीको मौलिकता भएको बताउँदै थकालीले पछिल्ला वर्षमा हिउँ पर्न छोडेर पानी पर्ने क्रम बढिरहेका कारण बस्तीहरू उच्च जोखिममा रहेको बताए ।

हिमाली क्षेत्रमा पानी पर्ने क्रम बढ्नुलाई जलवायु परिवर्तनसँग जोडेर हेर्न थालिएको छ। पछिल्ला वर्षमा बढ्दो तापक्रमसँगै तराई र मधेसका फाँटमा पाइने लामखुट्टे पहाड चढेको झन्डै तीन दशक पुगिसकेको छ भने हिमाली क्षेत्र पनि एक दशकदेखि लामखुट्टेसँग परिचित बनेको छ। विगतमा लामखुट्टेको नामसमेत नसुनेका यहाँका स्थानीयवासीका लागि यतिखेर त्यसबाट बच्न झुल प्रयोग गर्नु बाध्यता जस्तै बनेको छ । एक दशक अघिसम्म हिउँ मात्र पर्ने ठिनीमा जलवायु परिवर्तनको असरसँगै पानी पर्न थालेपछि परम्परागत तवरले निर्माण गरिएका माटोका संरचना प्रत्येक वर्ष जोखिममा पर्दै गएका छन्। माटोको शहरका रूपमा छुट्टै मौलिकता बोकेका बस्तीमा पानी पर्ने क्रमसँगै पग्लन र भत्कन थालेपछि सिमेन्टको प्रयोगका साथै जस्ताले छाउन बाध्य हुनुपर्दा मौलिकता नै हराउने चिन्ता थपिएको छ ।



तस्वीरः रासस

पानी पर्ने क्रमले हिमाली क्षेत्रमा बाढी–पहिरोको प्रकोप बढ्नाका साथै कृषि प्रणाली पनि प्रत्यक्ष प्रभावित बनेको छ। गर्मी क्षेत्रमा मात्र फल्ने बन्दा, काउली यतिखेर मुस्ताङको स्याङ, ठिनीलगायत बस्तीमा पाउन थालिएको छ । तापक्रम बढेसँगै चाँदीजस्तै टलक्क टल्कने हिमालहरू बर्सेनि कालापत्थरमा परिणत भएका छन् । उपल्लो मुस्ताङका लोमन्थाङ, छोनुप, छोसेर, सुर्खाङ, चराङ, घमीलगायत स्थानमा अत्यन्त कम मात्रामा हिउँ पर्न थालेपछि ती स्थानमा खानेपानीको अभाव बढ्दै गएको छ । पानीको चरम अभावसँगै छोसेरको सामजुङ बस्तीलाई ६–७ वर्ष अघि पानीकै खोजीमा नमासुङ गाउँमा सारिएको थियो।

जलवायु परिवर्तनको असरसँगै हिमाली क्षेत्रमा फल्ने स्याउ आफ्नो ठाउँ छोडेर बिस्तारै उपल्लो भागतिर सर्दै गएको मुक्तिनाथ गाउँका पूर्व मुखिया सुरज गुरुङले बताए। पछिल्लो २–३ वर्ष यता मुस्ताङका उपल्ला बस्तीमा पानी पर्ने क्रम बढिरहँदा कृषि प्रणालीमा प्रभाव पर्नाका साथै यहाँका माटाले बनेका संरचना सङ्कटग्रस्त बनिरहेको उनले बताए। "बढ्दो पानी पर्ने क्रमले माटो निर्मित यहाँका प्राचीन मौलिक बस्तीहरू बर्सेनि जोखिममा पर्दै गएका छन्"– स्थानीय जनप्रिय युवा क्लबका पूर्वअध्यक्ष एवं होटेल ग्रान्ड साम्बालाका सञ्चालकसमेत रहेका गुरुङले भने– "बस्तीहरू सङ्कटमा पर्दै गएको अवस्थामा आगामी दिनमा अझै बढ्न सक्ने जोखिमतर्फ राज्यको बेलैमा चासो पुग्नु आवश्यक छ।"

बढ्दो तापक्रमकै कारण झन्डै १०–१२ वर्ष अघिसम्म स्याउको राम्रो उत्पादन हुने लेतेमा पछिल्ला वर्ष स्याउ फल्नै छोडेको छ । हिमालहरू पग्लने क्रमसँगै नयाँनयाँ हिमताल बन्ने क्रम बढिरहेको अवस्थामा बेमौसममा पनि बाढी आउन थालेको यहाँका बासिन्दा बताउँछन् । स्थानीयवासीका अनुसार मुस्ताङको लुप्रा गाउँमा स्थानीय पाण्डा खोलामा आएको बाढीले यहाँका केही घरमा क्षति पुऱ्याएको छ। पछिल्ला दिनमा लुप्रा खोलामा समय–समयमा माटो मिसिएको लेदोसहितको पानी आउने गरेको छ। हिमाली जिल्लामा पानी पर्ने क्रम बढिरहँदा माटाले बनेका संरचना जोगाउने चुनौती थपिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले बताए। "हिमाली क्षेत्रमा पानी पर्ने क्रम बढेसँगै माटोले बनेका घर तथा बस्ती र दुई चार सय वर्ष पुराना गुम्बा, मठमन्दिरलगायत प्राचीन सम्पदा जोगाउनु यतिखेर गम्भीर चुनौतीका रूपमा देखिएको छ"–उनले भने।

तथ्याङ्क अनुसार पछिल्ला वर्षमा पहाडी भेगमा ०.०६ प्रतिशत र हिमाली भेगमा ०.०४ प्रतिशतका दरले तापक्रममा वृद्धि भइरहेको छ। प्राकृतिक एवं मानवीय दुवै कारणबाट विश्वव्यापी तापमान बढिरहेको विज्ञहरूको तर्क छ । यसतर्फ बेलैमा सोच्न नसक्ने हो भने यसले पार्ने दीर्घकालीन असर भयावह हुन सक्ने देखिएको छ । पोखरा भएर बग्ने सेती नदीमा केही वर्ष अघि अपत्यारिलो तवरले हिउँदमा बाढी आएर बीसौं मानिसको ज्यान गएको थियो। त्यस्तै पछिल्ला वर्षमा अन्नपूर्ण हिमालको हिउँ पग्लेर कास्कीको सिक्लेस गाउँमाथि नयाँ हिमताल अस्तित्वमा आएको छ । एक महीना अघि मनाङको चामे खोलामा आएको बाढीले पारेको असर अर्को ज्वलन्त उदाहरण हो।

पछिल्ला अध्ययनले जलवायु परिवर्तनको असरका कारण हिमताल फुट्दै, सुक्दै र हिमनदीका सीमामाथि सर्दै नदीहरू हिमालमाथि उक्लिरहेको तथ्य बाहिर आएका छन्। नेपालमा मात्र दुई हजार तीन सय २३ वटा हिमताल छन्। यीमध्ये महत्त्वपूर्ण मानिने हिमनदी र हिमाली क्षेत्रहरूबाट हिउँ पग्लदै जानु यतिखेर गम्भीर चुनौतीका रूपमा देखिएको छ। अहिले विश्वभर मानिसले पिउने पानीको कम्तीमा पनि ७० प्रतिशत पानीको स्रोत हिमखण्ड नै हो । यस्तो अवस्थामा हिउँ पग्लेर हिमाल कालापत्थरमा परिणत हुनु सबैको चासो र चिन्ताको विषय बन्न पुगेको छ ।

जलवायु परिवर्तनको असरसँगै मुस्ताङको तल्लो भेगमा पानी पर्न थालेपछि लेतेलगायत स्थानमा स्याउ खेती घट्दै गएको व्यवसायीको अनुभव छ । करीब २५ वर्ष अघि मुस्ताङको लेते लगायत तल्लो भेगमा स्याउको राम्रो उत्पादन हुने गरेकोमा पानी पर्ने क्रम बढेसँगै उत्पादनमा कमी आउन थालेको स्थानीयवासी बताउँछन् । माथिल्ला गाउँमा स्याउ खेती बढ्दै जाँदा जोमसोम, मार्फा, कागबेनी, छुसाङ, सुर्खाङ, टुकुचे, ताङ्वेलगायत गाउँमा व्यावसायिक स्याउ खेतीको विस्तार भएको छ ।

हिमालपारिकै जिल्ला मनाङमा पछिल्लो समय गत असार १ गते आएको बाढीका कारण गाउँहरू डुबानमा परी बगरमा परिणत भएका थिए। जिल्लाको नासों गाउँपालिका–१ ताल गाउँ बगरमा परिणत भएसँगै त्यहाँका ५९ घरपरिवार विस्थापित बनेका थिए। ताल गाउँ मात्र नभई चामे, धारापानीलगायत स्थानमा सरकारी कार्यालयसहित घरहरू डुबानमा पर्दा ठूलो क्षति बेहोर्नुपरेको थियो। बाढीले चामे गाउँपालिका–१ तिमाङ खोलाको बेली ब्रिजसहित यहाँका १६ वटा झोलुङ्गे पुल, ८–१० वटा काठेपुल बगाएको पूर्वाधार विकास कार्यालय, मनाङका प्रमुख प्रह्लाद दहालले जानकारी दिए । पुलहरूमा क्षति पुगेपछि स्थानीयवासीलाई आवतजावत गर्न समस्या भएको छ ।

मनाङमा यस अघि यस्तो ठूलो बाढी आएको स्थानीयवासीको अनुभवमा नरहेको बताउँदै दहालले भने–"यस अघि २०५२ सालमा मनाङमा केही बाढी भए पनि यस किसिमको बाढी आएको अनुभव यहाँका ज्येष्ठ नागरिक समेतलाई रहेन छ । यसलाई जलवायु परिवर्तनको असरसँग जोडेर हेर्ने गरिएको छ ।" हिमाली क्षेत्रमा पानी पर्ने क्रम बढ्नु चुनौतीका रूपमा देखिएको उनले बताए।

■■■

# 'अदालतको फैसलाप्रति तुष्टीकरण र व्यङ्ग्यको अर्थ रहन्न'

काठमाडौं, ९ भदौ/रासस

पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठले सरकार र राजनीतिक दललाई संविधानभित्र बाँधिने संस्कार तथा संस्कृति होस् भन्ने जनताको चाहनालाई सम्मान गर्न सुझाव दिएका छन्।

नेपाल कानून समाज र संविधान निगरानी समूहद्वारा आयोजित कार्यक्रममा उनले प्रमुख राजनीतिक दलका नेतृत्व सत्ता र शक्तिको प्रतिस्पर्धामा रहेका बेला अरू सांसदले सदन जोगाउने तथा रक्षा गर्ने क्षमता राख्न सक्नुपर्ने बताए। उनले भने–"अदालतले वर्षको दुईपटक पुनःस्थापना गरिदिनुपर्ने, निर्णय सुनाउँदा किन बोल्यो भनेर खप्की पनि खानुपर्ने, पुनः स्थापनाको लाभ यहाँहरूले लिने, जनताले के पायो भन्न सक्ने अवस्था नहुने, के यो अवस्थामा सुधार आउनुपर्दैन ?"

संविधान र राजनीतिक संस्कृतिको बेवास्ता गरिसकेपछि संविधानका अक्षर उठेर हामीलाई कतै पनि सघाउन नआउनेतर्फ राजनीतिक नेतृत्वलाई सजग गराउँदै उनले भने–"अदालतको निर्णयमा असहमति जनाउन र आलोचना गर्न सकिन्छ तर व्यङ्ग्य र तुष्टीकरण गर्नुको अर्थ रहन्न।"

नेकपा (माओवादी केन्द्र)का नेता वर्षमान पुनले संविधान लेखन र जारी गर्न सहमत दल पछि हटेको तथा विरोध गर्ने दल संविधान रक्षकजस्तो गजबको परिदृश्य अहिले देखिएको धारणा व्यक्त गरे । उनले भने–"दलमा राजनीतिक संस्कार, समग्र प्रणालीमा संवैधानिक संस्कार अनि प्रस्थानविन्दु समाजलाई लोकतान्त्रिक बनाउँदै लगियो भने सकारात्मक परिणाम प्राप्त हुन्छ।"

नेपाली काङग्रेसकी नेतृ पुष्पा भुसालले अहिलेको अवस्था नेपालको राजनीतिले निम्त्याएको चुनौती र अवसरका रूपमा पार्टीले ग्रहण गरेको बताइन् । उनले भनिन्–"बहुमतको सरकारले पटकपटक आवधिक निर्वाचनको मिति उल्लङ्घन गर्ने प्रयास र विधिभन्दा बाहिर गएर राज्यसत्ता चलाउन खोज्ने अभ्यासको नतीजाका रूपमा नयाँ सरकार गठन भएको हो।"

नेकपा (एमाले)का नेता खिमलाल भट्टराईले पार्टी अध्यक्ष केपीशर्मा ओलीविरुद्ध दलभित्र गुटबन्दी र बाहिर राजनीतिक घेराबन्दी भएर निर्वाचनमा जान गरिएको निर्णयविरुद्ध जाने परिस्थितिले राजनीतिमा एकपछि अर्को विकृति थपिंदै गएको प्रतिक्रिया दिए। उनले भने–"तत्कालीन प्रधानमन्त्री ओलीले पार्टीभित्र नेतृत्व लिन महाधिवेशन कुर्न तथा प्रधानमन्त्री हुन चुनावसम्म पर्खनुस् भनेर गरेको आग्रहलाई मानिदिएको भए राजनीतिक स्थायित्वका लागि सहज हुन्थ्यो।"

**नेताहरू सुध्रिनुस्**

पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीले राजनीतिक दलमा राजनीतिक संस्कार नभएकै कारण गणितीय हिसाबमा बलियो भएर पनि पूरा अवधि सत्तामा रहन नसकेको टिप्पणी गरिन्। उनले भनिन्–"राजनीतिक संस्कार पहिलो शर्त हो, हामीसँग अनुशासनमा बस्ने अनि एक–अर्कालाई सम्मान गर्ने बानी छैन, प्रतिपक्षले विरोध गऱ्यो भनेर घोक्रेठ्याक लगाउने होइन, विरोध र स्वस्थ आलोचनाले सही बाटो देखाउँछ, एकले अर्कालाई पछारेको अनि राजनीतिको मल्ल युद्ध हेरेर मात्र जनताले अघाउनुपर्ने अवस्था अब अन्त्य हुनुपर्छ, नेता सुध्रनुस्।"

राष्ट्रियसभा सदस्य राधेश्याम अधिकारीले विगतका राजनीतिक घटनाक्रमको गहन विश्लेषण गरी सदनको स्थायित्वलाई मुख्य विषयवस्तु बनाएर संविधान जारी गरिएकोमा पटक–पटक विघटनले राजनीतिक अस्थिरता रोक्ने सवालमा आएको अदालतको फैसलालाई आफ्नो स्वार्थका आधारमा व्याख्या गर्न नहुने कुरामा जोड दिनुभयो।

सांसद नवराज सिलवालले दलभित्रको आन्तरिक लोकतन्त्रको स्थिति कमजोर रहेको तथा राजनीतिक दलमा संस्थागत निर्णयभन्दा व्यक्तिवादी प्रवृत्ति हाबी भएको नतीजाका रूपमा अहिलेको अवस्था उत्पन्न भएको प्रतिक्रिया दिए।

संविधानविद् विपीन अधिकारीले सदन जोगाउने विषयमा अदालतको फैसला स्वच्छ र स्वतन्त्ररूपमा आएको जिकीर गर्दै अदालतलाई गालीगलौज गरेर लोकतन्त्र बलियो नहुने बताए।

सो अवसरमा सांसद अमरेशकुमार सिंह, प्रकाश पन्थ, लक्ष्मी परियार, मीन विश्वकर्मा, धर्मशिला चापागाई, बहादुरसिंह लामा, अधिवक्ता दिनेश त्रिपाठी, ललित बस्नेत, ओमप्रकाश अर्याल, प्राध्यापक इन्दु तुलाधर, अधिकारकर्मी इन्दिरा श्रेष्ठ र नेपाल कानून समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले संविधान जारी गरेका बेला भएका सहमतिबाट प्रमुख दल नै पछि हटेर बाहिरबाट समाधान खोज्ने विभिन्न खाले चुनौती खडा गरेको धारणा व्यक्त गरे।

## फरक समाचार

# मुटु फेल हुनबाट जोगाउन यसरी पानी पिउनुपर्छ

प्रतिदिन तपाईं ८ गिलास पानी पिउनुहुन्छ भने मुटु फेल हुने खतरा घट्छ। शरीरमा पानीको कमी पूरा गरेर मुटु फेल हुनबाट रोक्न सकिन्छ। २५ वर्षसम्म



१५,७९२ व्यक्तिमाथि भएको अध्ययनले भन्छ, शरीरमा पानीको कमी भएपछि मुटु फेल हुने खतरा बढ्छ।

शोध गर्ने अमेरिकाको नेशनल इन्स्टिट्च्युट अफ हेल्थका वैज्ञानिकले १५,७९२ व्यक्तिको सिरम सोडियमको स्तर जाँच गरेका थिए । रगतमा सोडियमको मात्राबाट पत्ता लाग्छ कि शरीरमा पानीको कमी छ कि छैन। साधारणतया विज्ञ एकजना मनुष्यले प्रतिदिन दुई लिटर पानी पिउन सल्लाह दिन्छन् तर पछिल्लो थुप्रै अध्ययनले यो साबित भएको छ कि मान्छेले यति पानी पिउँदैनन्।

दुनियाँभरिमा सबैभन्दा बढी मृत्यु हृदय रोगबाट भएको छ । वर्ल्ड हार्ट फेडरेशनका अनुसार दुनियाँभरमा हरेक तीनजनामध्ये एकजनाको मृत्यु हृदय रोगबाट भइरहेको छ । यसको ८० प्रतिशत मामिला मध्य आय वर्ग भएको देशको छ।

पानी पिउँदा मुटु फेल हुने खतरा कसरी कम हुन्छः शोधकर्ता नतालिया डिमिट्रिवा भन्छिन्–हाम्रो अध्ययनले भन्छ शरीरमा पर्याप्त पानी भएपछि मुटुभित्र हुने यस्तो बदलाव रोक्न सकिन्छ जसले मुटु फेल गर्ने कारण बनाउँछ।

शोधमा यो साबित भएको छ, सिमर सोडियमको घट्दो–बढ्दो स्तरले मुटु फेल हुने खतरा घटाउने–बढाउने गर्छ। सिरम सोडियमको स्तर कायम राख्नको लागि पानी पिउन सल्लाह दिइन्छ।

शोधकर्ताको भनाइ छ, यसको अलावा उमेर, रगतमा कोलेस्ट्रोल, रक्तचाप, बडी मास इन्डेक्स, मिर्गौलाको स्थिति र धूमपानले पनि मुटु फेल हुने खतरालाई बढाउँछ।

**कति चाहिन्छ सिरम सोडियमः**

शोधकर्ताको भनाइ छ प्रति एमएमओएल/१ सिरम सोडियम कन्सनट्रेशन बढेपछि मुटु फेल हुने खतरा १.११ गुना र लेफ्ट वेन्ट्रिकुलर हाइपरट्रोफीको रिस्क १.२ गुनासम्म बढ्न सक्छ।

यदि सिरम सोडियमको लेबल १४२ एमएमओएल/१ सम्म बढ्छ भने मुटु फेल हुने खतरा पनि बढ्छ। यस्तो भएपछि शरीरमा पानीको कमी पूरा गर्नुपर्छ।

बढी मदिरा सेवन गर्ने, धूमपान गर्ने, मोटोपनबाट ग्रसित, उच्च रक्तचापका रोगी, मधुमेहका रोगीमा मुटु फेल हुने खतरा बढी हुन्छ।

**मुटु कसरी स्वस्थ राख्ने:** गहुँको रोटीको सट्टा कोदो (बाजरा), ज्वार वा रागी अथवा यसको पीठो मिलाएर बनाएको रोटी खानुपर्छ। आँप, केरा जस्ता बढी मीठो फल कम खानुपर्छ। यसको सट्टा मेवा, किवी, सुन्तलाजस्ता कम मीठो फल खान सकिन्छ। तारेको र मीठो वस्तु जतिसक्दो कम सेवन गर्नुपर्छ। भोक लागेपछि २० प्रतिशत कम खानुपर्छ र हरेक १५ दिनमा आफ्नो वजन चेक गर्नुपर्छ।

सातामा पाँच दिन ४५ मिनेटसम्म कसरत गर्नुपर्छ। मुटु रोगको एउटा ठूलो कारण मोटोपन हो। वजन जति बढ्छ हृदयरोगको खतरा पनि बढ्छ। फिटनेसलाई यस स्तरमा ल्याउने प्रयास गर्नुपर्छ कि सीधा उभिएपछि तपाईंको बेल्टको बक्कल देखियोस्। यदि एकदेखि डेढकिलोमिटर जानुछ भने पैदलै हिंड्नुपर्छ।

प्रतिदिन कमसे कम ७ घण्टा सुत्नुपर्छ। चाँडै सुत्ने र चाँडै उठ्ने दिनचर्या बनाउनुपर्छ । राति १० बजेदेखि बिहान ६ बजेसम्म सुत्ने आदर्श समय हो । यसबाट शरीर नाइट साइकलमा राम्ररी आराम गर्न सक्छ। तनाव लिनुहुँदैन, यसको असर मस्तिष्क र हृदयमाथि हुन्छ।

धूमपान गर्नाले धमनीको लाइनिङ कमजोर हुन्छ। यसबाट धमनीमा बोसो जम्ने आशङ्का पनि बढ्छ। यसै प्रकार अल्कोहलबाट पनि टाढा बस्नुपर्छ।

हृदयरोग विशेषज्ञका अनुसार सामाजिक सञ्जाल र वाट्सएपमा आउने विभिन्न सन्देशले तपाईंको सवास्थ्य बिगार्न सक्छ । मुटुलाई लिएर विभिन्न अफवाह भाइरल हुन्छ। जस्तै दिनको शुरूात ४ गिलास पानीबाट गर्दा मुटुमा खतरा हुँदैन। यस्ता सन्देशमा भर पर्दा अवस्था झनै बिग्रन सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)



कोल्हवी नगरपालिका क्षेत्रमा विगतमा अतिक्रमण गरिएका वनक्षेत्र पुनः डिभिजन वन कार्यालय बाराले अतिक्रमणमुक्त गराइ वृक्षारोपण गरेपछि स्थानीयलाई घाँस, सोत्तर सजिलै उपलब्ध हुन थालेको छ। तस्वीरः जीतलाल श्रेष्ठ

# अन्तर्राष्ट्रिय समाचार

## उद्धारकार्य समयसीमाभित्रै सक्नुपर्ने बाइडेनको भनाइ

काबुल, ९ भदौ/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले करीब दुई हप्तादेखि अफगानिस्तानमा जारी रहेको नेटो गठबन्धन राष्ट्रका नागरिकको उद्धार कार्य समय सीमाभित्रै सक्नुपर्ने बताएका छन् ।

सोहीबमोजिम अमेरिकाले काम गरिरहेको पनि उनले जानकारी दिएका छन् । उनले मङ्गलवारको एउटा सम्बोधनमा सो कुरा बताएका हुन् ।

अमेरिका एक्लै र उसका नेटो गठबन्धन देशले पनि यस कार्यलाई निरन्तरता दिएको र अगस्त ३१ भित्र सम्पन्न भइसक्ने आफ्नो विश्वास रहेको दोहोऱ्याएका छन् ।

आवश्यक परे उडान सङ्ख्यामा वृद्धि गर्ने जानकारी उनले दिए । उनले भने–"आवश्यकताको आधारमा पछिल्ला केही दिनमा उडान सङ्ख्या थपिएको छ र आवश्यक कागजपत्र भएका सबै मानिस अफगानिस्तानबाट बाहिरिन पाउने छन् ।

यस प्रयोजनका लागि तालिबानको सहयोगको भने उनले अपेक्षा गरिएको बताए । अमेरिकाले आगामी हप्ता उद्धार मिशन सम्पन्न गर्ने तयारी गरेको तर यसमा तालिबानको सहयोग कस्तो रहन्छ त्यसमा पनि भर पर्ने बताए ।

यस कार्यमा यदि कुनै प्रकारको समस्या उत्पन्न भएमा के कस्तो तयारी गर्ने भन्नेबारे अमेरिकी रक्षा मन्त्रालय पेन्टागनलाई निर्देशन दिएको जानकारी पनि सो सम्बोधनका क्रममा उनले दिए ।

जति चाँडो यो उद्धारकार्य सम्पन्न हुन्छ, त्यति नै राम्रो हुने राष्ट्रपति बाइडेनले बताए । अहिलेसम्म आफूले लिएको उद्धार मिशनमा कुनै असर नपरेको पनि उनले बताएका छन् ।

उता तालिबानी लडाकूहरूले भने उद्धार कार्यको समय सीमा थप्न नसकिने बताउँदै आएका छन् । तर पनि त्यहाँबाट विदेशी मानिसलाई बाहिर निस्कन तालिबानले सहयोग गरिरहेको बताइएको छ ।

जसका कारण काबुल विमानस्थल अहिले पनि अव्यवस्थित भीड र भागदौडका कारण अस्तव्यस्त रहेको


अमेरिकी राष्ट्रपति जो बाइडेन । तस्वीरः एएफपी

बताइएको छ ।

यहाँ अफगानी बढी विदेशी नागरिकको ठूलो भीड लागेको छ । अफगानिस्तानको सत्तामा तालिबान आएपछि एकैपटक हजारौं मानिसले देश छोडेर भाग्ने प्रयास गर्दा विमानस्थल वरपर ठूलो भीड लाग्ने गरेको छ ।

बितेको अगस्त १५ मा तालिबानले सत्ता कब्जामा लिएपछि यहाँको विमानस्थलमा भीड लागेको संयुक्त राज्य अमेरिका र यसका सहयोगी राष्ट्रले बताउँदै आएका छन् ।

नेटो सैन्य आबद्ध गठबन्धन देशले जारी राखेका उद्धार उडानमा जान प्रयास गरिरहेका मानिसका कारण भीड लागेको र ठूलो सङ्ख्यामा मानिस देश फर्कन सङ्घर्ष गरिरहेका छन् ।

**'अफगानिस्तानका नागरिकलाई सहयोग गर्नु नैतिक दायित्व'**

ब्रसेल्स/एएफपी

अफगानिस्तानका नागरिकलाई सहयोग गर्नु आफूहरूको नैतिक कर्तव्य भएको (जी–७)का नेताको भनाइ रहेको छ ।

युरोपेली आयोगकी अध्यक्ष अर्सुला भोन डेर लियानले सो कुरा बताएकी हुन् । उनले भनिन्, यतिबेला अफगानिस्तान निकै अप्ठेरो अवस्थामा छ, त्यहाँका नागरिक समस्यामा परिरहेका छन्, त्यसैले यस्तो बेलामा उनीहरूलाई सहयोग गर्नु हाम्रो नैतिक दायित्व हो ।

उनका अनुसार यसका लागि युरोपियन युनियनआबद्ध सबै राष्ट्र एकताबद्ध भएका छन् । उनीहरूले यस्तो अवस्थाको अफगानिस्तानलाई हामीले सहयोग गर्नुपर्छ भन्ने छ ।

उनले भनिन्, यो विश्वकै चासोको तथा दायित्वको कुरा हो र हामी युरोपियन युनियनमा आबद्ध देश पनि यसमा प्रतिबद्ध छौं । उनले युरोपियन युनियनले अफगानिस्तानका लागि मानवीय सहायतालगायतको सहयोगको प्रस्ताव पनि गर्नेछ र यसका लागि युनियनले बजेट छुट्याउने पनि जानकारी दिइन् ।

हाल अफगानिस्तानलाई त्यहाँका सशस्त्र विद्रोही समूह तालिबानले कब्जामा लिएका छन् । जसका कारण त्यहाँबाट पश्चिमा राष्ट्रका कर्मचारी, सेना तथा सहायताकर्मी सङ्घसंस्था पनि बाहिरिएका छन् । रासस

## अब एमाले महाधिवेशनमा केन्द्रित हुनेछ –अध्यक्ष ओली

काठमाडौं, ९ भदौ/रासस

प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का अध्यक्ष केपीशर्मा ओलीले पार्टीको आन्तरिक विवाद समाधानका लागि १० बुँदे प्रस्तावलाई सिर्जनात्मक ढङ्गले लागू गर्दै अब पार्टीको समग्र ध्यान विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशनमा केन्द्रित हुने जनाएका छन् ।

मङ्गलवार सम्पन्न स्थायी कमिटीको बैठकका निर्णय र समसामयिक राजनीतिबारे जानकारी दिन बुधवार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष ओलीले सङ्गठनात्मक क्षेत्रमा अबको ध्यान असोज पहिलो हप्ताको विधान महाधिवेशन र मङ्सिर दोस्रो साता आयोजना हुने राष्ट्रिय महाधिवेशनमा केन्द्रित रहने बताएका हुन् ।

एमालेबाट अलग भएका माधवकुमार नेपालसहितका नेताहरू नेकपा (एकीकृत समाजवादी) दर्ताका लागि सनाखतमा जुटिरहेका बेला अध्यक्ष ओलीद्वारा ललितपुरको च्यासलस्थित तुलसीलाल स्मृति भवनमा आयोजित पत्रकार सम्मेलनमा एकताका लागि स्थायी कमिटीको बैठकबाट पारित प्रस्ताव प्रस्तुत गरिएको थियो ।

उनले लामो समयदेखि जारी समस्यालाई समाधान गर्दै पार्टीलाई एकताबद्ध बनाउन यसबीचमा अनेकौं प्रयास भएको तथा एकतालाई कायम राख्न र थप सुदृढ बनाउन तथा पार्टीलाई विभाजित हुन नदिन सकारात्मक योगदान गर्ने कार्यदलका सदस्य एवं अन्य सबै नेतालाई धन्यवाद दिंदै उनले पार्टीलाई वैचारिकरूपमा स्पष्ट, सङ्गठनात्मकरूपमा चुस्त, भावनात्मकरूपमा एकताबद्ध तथा साझा लक्ष्यप्रति सङ्कल्पबद्ध बनाइने बताए ।

अध्यक्ष ओलीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "एकताको पक्षमा दृढतापूर्वक उभिनुभएको छ । उहाँहरूको यस निर्णयलाई हार्दिक स्वागत गर्दै दश बुँदेमा समेत एकताको पक्षमा उभिनुभएका नेताहरूलाई म स्वागत गर्दछु । बलियो, एकताबद्ध तथा सुदृढ एमाले पार्टी पङ्क्तिको मात्र होइन, राजनीतिक स्थायित्व, लोकतन्त्र र अग्रगमनका पक्षधर आमजनताको समेत चाहना हो । लोकतन्त्रका आधारस्तम्भका रूपमा रहेका पार्टीहरू विभाजित हुँदा


पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष केपी शर्मा ओली । तस्वीरः रासस

कसरी यसको मूल्य सिङ्गो प्रणाली र राष्ट्रले नै चुकाउनुपर्छ भन्ने निकट अतीतका अनुभवहरू हामी सबैका स्मरणमा ताजै छन् ।"

उनले आजको एमाले नेकपाकै निरन्तरताका रूपमा रहेको, यसले नेकपाको विरासत आत्मसात् गरेको र पार्टी निर्माण, विस्तार र एकीकरण पार्टीको विशेषता र संस्कृति रहेको कुरालाई आत्मसात् गर्दै रचनात्मक दृष्टिकोण अवलम्बन गरिने प्रतिबद्धता व्यक्त गरेका छन् । एमाले राष्ट्रिय राजनीतिको मूल प्रवाह भएकाले यसलाई विभाजन गरेर बृहत् कम्युनिस्ट एकता गर्ने कुरा गरिनु सुहाउँदो नहुने टिप्पणी अध्यक्ष ओलीको थियो ।

एमालेबाट अलग्गिएर छुट्टै दल दर्ताको प्रक्रियामा रहेका नेता/कार्यकर्तालाई असफलता अवश्यम्भावी रहेको उल्लेख गर्दै अध्यक्ष ओलीले हानिकारक बाटो छाडेर पार्टीको मूलघरमा फर्किन स्थायी कमिटीले औपचारिक आह्वान गरेकाले पार्टीमा फर्किएमा विगतका कुनै क्रियाकलाप या गतिविधिलाई लिएर कुनै पूर्वाग्रह नराखिने या कुनै विभेद या कारबाई नहुने दोहोऱ्याएका छन् ।

उनले संसद्को अधिवेशन चलिरहेको र सभामुखले आगामी बैठकका कार्यभारबारे सदनलाई जानकारी गराइसकेको पृष्ठभूमिमा अकस्मात् अधिवेशन अन्त्य गरेर दल विभाजनसम्बन्धी अध्यादेश जारी भएको भन्दै उनले असन्तुष्टि व्यक्त गरे ।

उनले अनुशासनहीनता र पार्टी विभाजनका गतिविधिमा संलग्न भएको स्पष्ट आधारसहित पार्टीले गरेको कारबाईको सूचना कानूनबमोजिम संसद् सचिवालयलाई जानकारी गराइएकामा सभामुखबाट नौ दिनसम्म पनि सूचना जारी नभएकोप्रति पनि असन्तुष्टि व्यक्त गरे । एक प्रश्नको जवाफमा अध्यक्ष ओलीले आफूले अनुकूल समयमा पार्टीको नेतृत्व हस्तान्तरण गर्ने जानकारी दिए ।

सो पार्टीका सचिव एवं प्रचार विभागका प्रमुख योगेश भट्टराईले अध्यक्ष ओली र नेता नेपालबीचको सहमतिमैं कार्यदलले १० बुँदे प्रस्ताव तयार गरेकोले पार्टीलाई विभाजन गर्नुपर्ने कुनै आवश्यकता नभएको स्पष्ट पारेका थिए । पत्रकार सम्मेलनमा उपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, डा भीमबहादुर रावल, महासचिव ईश्वर पोखरेल, उपमहासचिव घनश्याम भुसाल, स्थायी कमिटी सदस्य रामबहादुर थापालगायत नेताहरू सहभागी थिए ।

## केरलामा थप २४ हजार २९६ व्यक्तिमा कोरोना सङ्क्रमित

नयाँ दिल्ली, ९ भदौ/एएनआई

सरकारी अधिकारीले दिएको जानकारी अनुसार पछिल्लो एक दिनमा भारतमा ३७ हजार ५९३ जना थप कोरोना भाइरसका सङ्क्रमित थपिएका छन् । सङ्क्रमितको सङ्ख्या २४ हजार


केरलामा खोप लगाउन आएकाको तापक्रम नाप्दै स्वास्थ्यकर्मी । तस्वीरः एजेन्सी

२९६ जना केरला राज्यको रहेका केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधवार जनाएको छ ।

योसँगै भारतमा कुल सङ्क्रमितको सङ्ख्या तीन करोड २५ लाख १२ हजार ३६६ जना पुगेको छ । पछिल्लो केही हप्तादेखि दैनिक सङ्क्रमितको सङ्ख्या २५ हजारदेखि ४० हजारको बीचमा रहँदै आएको छ ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणका कारण ६४८ जनाको मृत्यु भएको छ । यसैसँगै भारतमा कोरोना शुरू भएयता अहिलेसम्म कुल चार लाख ३५ हजार ७५८ जनाको कोरोना भाइरसका कारण मृत्यु भएको छ ।

मन्त्रालयका अनुसार भारतमा पछिल्लो एक दिनमा ३४ हजार १६९ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिलेसम्म कोरोनामुक्त सङ्ख्या तीन करोड १७ लाख ५४ हजार २८१ पुगेको सो मन्त्रालयले जनाएको छ । यहाँ हाल ९७.६७ प्रतिशत सङ्क्रमित कोरोना भाइरसबाट मुक्त भएका छन् ।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या भने तीन लाख २२ हजार ३२७ पुगेको अधिकारीले जनाएका छन् । यो सङ्ख्या कुल सङ्क्रमितको ०.९९ प्रतिशत हो ।

**भारतमा सबै राज्यलाई अगस्तभरि थप दुई करोड मात्रा खोप उपलब्ध गराइने–स्वास्थ्यमन्त्री**

भारतका केन्द्रीय स्वास्थ्यमन्त्री मनसुख माण्डभियाले सबै राज्यमा अगस्त महीनाभर थप दुई करोडभन्दा बढी खोपको मात्रा उपलब्ध गराइने बुधवार जानकारी दिएका छन् ।

केन्द्र सरकारले सबै राज्यका शिक्षकलाई आगामी ५ सेप्टेम्बरमा मनाइने शिक्षक दिवसभन्दा पहिले खोप लगाउने प्रयास गर्न अनुरोध गरेको पनि स्वास्थ्यमन्त्री माण्डभियाले ट्वीटरमार्फत बताएका छन् ।

यस महीनामा प्रत्येक राज्यलाई दुई करोडभन्दा बढी कोरोना भाइरसविरुद्धको खोपको मात्रा र अतिरिक्त खुराक उपलब्ध गराउने योजना भएको उनले जानकारी दिए ।

त्यसैगरी, भारतमा अगस्त २४ सम्म कुल ५९ करोड ५५ लाख चार हजार ५९३ मात्रा कोरोना भाइरसविरुद्धको खोप लगाइसकिएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – बेचैनी | वृष – धनलाभ |
| मिथुन – सफलता | कर्कट – अस्वस्थता |
| सिंह – वादविवाद | कन्या – व्यापारवृद्धि |
| तुला – शत्रुभय | वृश्चिक – चोरभय |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – कान्तिक्षय | मीन – सुयशः |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## नेकपा (एकीकृत समाजवादी)को सनाखत सकियो

काठमाडौं, ९ भदौ/रासस

नेकपा (एकीकृत समाजवादी)का ५५ केन्द्रीय सदस्य र २९ सांसदले निर्वाचन आयोगमा सशरीर उपस्थित भई दलको पक्षमा सनाखत गरेका छन् । सरकारले जारी गरेको राजनीतिक दलसम्बन्धी अध्यादेशका आधारमा आयोगले उक्त दलका केन्द्रीय सदस्य र सांसदलाई आवश्यक कागजातसहित बिहान ११:३० देखि दिउँसो २ बजेसम्म सनाखतका लागि बोलाएको थियो ।

उक्त दलका नेता राजेन्द्रप्रसाद पाण्डेले दल दर्ताका लागि निवेदन दिंदाका बेला ५८ जनाको नाम पेश गरेकामा दुईजना मात्र सनाखतमा सामेल हुन नसकेको जानकारी दिए । केन्द्रीय सदस्य भास्कर काफ्ले र रवीन कोइराला सो सनाखतमा उपस्थित भएनन् । पूर्वप्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता झलनाथ खनालले भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावासबाट सनाखत गरेका छन् ।

सङ्घीय संसद्का २९ जना सांसदले


माधवकुमार नेपाल बुधवार निर्वाचन आयोगमा दल दर्ताका लागि सनाखत गरेपछि अभिवादन गर्दै । तस्वीरः रासस

पनि उक्त दलको पक्षमा सनाखत गरेका छन् । अरू दुईजनाको प्राविधिक समस्याका कारण सनाखत हुन बाँकी रहेको नेता पाण्डेले जानकारी दिए ।

आयोगमा उपस्थित भएर पनि सनाखत गर्न नपाएका केही सांसदका लागि विद्यमान अध्यादेश र ऐनका कारण प्राविधिक समस्या देखिएको जानकारी दिइएको छ । सांसद सोमप्रसाद पाण्डेय, मायादेवी ज्ञवाली र शारदा भट्टको निवेदनका बेला दस्तखत नभए पनि आज उक्त दलको पक्षमा सनाखतका लागि आयोग पुगेका थिए ।

निर्वाचन आयोगले आजै नेकपा (एकीकृत समाजवादी)लाई दल दर्ताको प्रमाणपत्र दिने बताएको छ । सनाखतपछि नेता पाण्डेले भने, "दल दर्ता हुनासाथ विगतमा समानान्तर कमिटी भनेर बनाइएका कमिटीलाई ब्यूँताएर वडा तहसम्म संरचना विस्तार गर्ने तथा प्रदेश र स्थानीय तहका जनप्रतिनिधिले २१ दिनभित्र इच्छुक पार्टीमा सामेल हुन पाउने व्यवस्था छ, त्यसका लागि काम गर्नेछौं ।"

केही दिनभित्र केन्द्रीय कमिटी बनाउने र राष्ट्रिय सम्मेलनको आयोजना गरेर कार्यक्रमसहित अघि बढ्ने उनले बताए । दलको मान्यता पाउन ४१ केन्द्रीय सदस्य वा ३१ सांसदको समर्थन आवश्यक पर्दथ्यो ।


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे





### मुद्दा.........

अरू के हुन सक्छ ? सरकारले विभिन्न बहानामा व्यवसायीसँग करोडौं रुपियाँ असुल्छ, तर आफैं गल्ती गरेको पुष्टि भए पनि व्यापारीको पैसा फिर्ता नगर्नुलाई कानूनी राज्यको उपहास भएको उनले संज्ञा दिए ।

यस विषयमा ड्राइपोर्ट भन्सारका सूचना अधिकारी चुडामणिशर्मा कट्टेलका अनुसार राजस्व फिर्ता गर्न अर्थ मन्त्रालयसँग रकम माग गरेको र आएपछि फिर्ता दिने आश्वासन दिए । सरकारी कार्यालय राजस्व नलिई काम अगाडि बढाउँदैन, गलती गरेको पुष्टि भए पनि रकम फिर्ता गर्न ढिलाइ हुनुमा गलत नियत हुन सक्ने आशङ्का गरिएको छ ।

# धानमा पातबेरुवा र सर्लाहवा रोग, किसान चिन्तित

ओमप्रकाश चौधरी, सेढवा, ९ भदौ/

वर्षे बाली धानमा एकैपटक दुईवटा रोग लाग्दा किसानहरू चिन्तित छन्।


तस्वीरः प्रतीक

पातबेरुवा (धानको पातको टुप्पोमा कीरा लागेर सेतो भई सुक्दै जाने) र सर्लाहवा (जरामा कीरा लागेर डाँठ तथा पात रातो भई कुहिने) रोग लागेको छ। यी रोग सोना मन्सुली, सोना सारो, भदई मन्सुली तथा हाइब्रिडलगायतका बालीमा लागेको छ। भदैई मन्सुली तथा सोना सारोमा सर्लाहवा रोगको प्रकोप नदेखिए पनि पातको टुप्पा सुक्ने रोग देखिएको पटेर्वासुगौली गाउँपालिका-४ का किसान गजेन्द्र चौधरीले बताए। यो रोग प्रायः सबैको धानबालीमा लागेको चौधरीले बताए।

रोग नियन्त्रणका लागि कीटनाशक औषधि छरेको तर अहिलेसम्म सुधार नभएको चौधरीको भनाइ छ। ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली र सखुवाप्रसौनी गाउँपालिकाका धानबालीमा पनि यी रोगहरू लागेका छन्।

जगरनाथपुर गाउँपालिका-३ बिजबनिया निवासी पलट यादवले औषधि ल्याए पनि दैनिक वर्षा भएपछि छर्न समस्या भएको बताए। गत वर्ष सर्लाहवा रोग मात्रै लाग्ने गरेको तर यस वर्ष पातबेरुवा रोग लागेका कारण धान उत्पादनमा कमी हुने यादवले बताए।

यस सम्बन्धमा जीराभवानी गापाका कृषि प्राविधिक बृजेश साहले यस वर्ष अत्यधिक वर्षा भएको कारण कीरा तथा कीटाणुको प्रकोप बढेको बताए। उनले पटक-पटक वर्षा भएको तथा चर्को घाममा किसानले खेतको जोताइ गर्न नसक्दा जमीनभित्रका कीरा र त्यसका अन्डा नष्ट हुन नसक्दा कीराको प्रकोप बढेको बताए।

बाली वा बोटबिरुवालाई घाम र पानी बराबररूपमा चाहिन्छ तर यस वर्ष वर्षा बढी भएकोले धानबालीमा रोगको प्रकोप बढेको साहले बताए। उनले यी रोग नियन्त्रणका लागि कृषि प्राविधिकसँग सल्लाह लिई २/३ पटक कीटनाशक औषधि छर्न सल्लाह दिएका छन्।

# १५ किलो गाँजासहित दुईजना पक्राउ र फरार व्यक्ति जेल चलान

प्रस, वीरगंज, ९ भदौ/

इलाका प्रहरी कार्यालय, सिमराले १५ किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको छ।


तस्वीरः प्रतीक


तस्वीर सौजन्यः जिप्रका बारा

पथलैयाबाट वीरगंज आउँदै गरेको ना.४६प ५९३१ नम्बरको मोटरसाइकलमा सवार निजगढ नगरपालिका-१३ बस्ने ३३ वर्षीय दीपक पाखिन र पछाडि बस्ने २५ वर्षीय बाबुराम वाइवा चढेको मोटरसाइकल जीतपुरसिमरा उपमहानगर-५ मा चेकजाँच गर्दा पछाडि बसेका वाइवाले बोकेको झोलाबाट १५ किलो गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

यसैगरी, लागूऔषध मुद्दामा तीन वर्षदेखि फरार विश्रामपुर गाउँपालिका-१ बस्ने ५५ वर्षीय पन्नालाल साह तेलीलाई पक्राउ गरिएको बारा प्रहरीका प्रवक्ता प्रनाउ गौतम मिश्रले बताएका छन्। २०७५/१/२४ मा बारा जिल्ला अदालतले दुई वर्ष कैद १५ हजार जरिवाना गरेपछि फरार रहेका तेलीलाई भदौ ८ गते पक्राउ गरेको र अदालतको आदेशमा सजाय भुक्तानको लागि वीरगंज कारागार चलान गरेको उनले जानकारी गराए।

# बेलवामा नेकाको क्षेत्रीय भेला


तस्वीरः प्रतीक

प्रस, पंचगावाँ, ९ भदौ/

पटेर्वासुगौली गाउँपालिका-२ बेलवामा नेपाली काङ्ग्रेसको क्षेत्रीय भेला सम्पन्न भएको छ।

क्षेत्र नं ३ का उपाध्यक्ष पारस साह कानूको अध्यक्षतामा भएको भेलामा प्रमुख अतिथि पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरीले पार्टीमा गुट, उपगुट र अन्तर्घाती हावी भएको बताए। उनले कसैको प्रभावमा नपरी एक ढिक्का भएर अगाडि बढ्न सुझाव दिए।

भेलामा जिल्ला सदस्य दिनेश चौधरी, ममता महतो, श्रीकिसुन चौधरीलगायतको सहभागिता थियो। कार्यक्रमको सञ्चालन जिल्ला सदस्य शैलेन्द्र यादवले गरेका थिए।






## ब्राउनसुगरसहित एकजना पक्राउ

प्रस, सिम्रौनगढ, ९ भदौ/

सीमावर्ती क्षेत्र भारतको छौडादानोमा मङ्गलवार १४० ग्राम ब्राउनसुगरसहित एकजनालाई एसएसबीले पक्राउ गरेको छ।

आधापुर थाना क्षेत्र श्रीसियाकला निवासी ४१ वर्षीय सन्तोष बैठालाई एसएसबीले १४० ग्राम ब्राउनसुगरसहित पक्राउ गरेको जनाएको छ। सूचनाको आधारमा बैठालाई चेकजाँच गर्दा उनीबाट ब्राउनसुगर बरामद भएको थियो। सहायक सेनानायक अंशल श्रीवास्तवले ब्राउनसुगरसहित पक्राउ परेका बैठालाई आवश्यक कारबाईको लागि छौडादानो प्रहरीको जिम्मा लगाएको बताए।

# खेलकूदको संसार

## विजयबस्ती फूटबल टीम सेमिफाइनलमा

चिरञ्जीवी सापकोटा, ठोरी, ९ भदौ/

अमृत युवा क्लबद्वारा ठोरीमा जारी नकआउट फूटबल प्रतियोगिता अन्तर्गत बुधवार भएको क्वार्टरफाइनल खेलमा आयोजक अमृत युवा क्लब ठोरी-२ लाई पराजित गर्दै विजयबस्ती फूटबल टीम सेमिफाइनलमा प्रवेश गरेको छ।


तस्वीरः प्रतीक





क्वार्टरफाइनलमा विजयबस्तीले आयोजक अमृत युवा क्लबलाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गरेको थियो। विजयबस्तीको तर्फबाट नवीनराज श्रेष्ठ र सौरभ लामाले एक/एक गोल गरेका थिए। लामा आजको खेलको 'म्यान अफ दि म्याच' घोषित भए।

बिहीवारको खेल वनशक्ति स्पोर्ट्स क्लब ठोरी-२ र निर्मल समाज युवा क्लब ठोरी-४ बीच हुने आयोजक कमिटीले जनाएको छ।

## नेपाललाई बक्सिङमा तीन कांस्य

काठमाडौं, ९ भदौ/रासस

नेपालले युनाइटेड अरब इमिरेट्स (युएई)मा जारी एएसबिसी एशियन युथ एन्ड जुनियर बक्सिङ च्याम्पियनशिपमा तीनवटा कांस्य पदक प्राप्त गरेको छ। कांस्य पदक प्राप्त गर्नेमा दुईजना महिला र एकजना पुरुष खेलाडी रहेका छन्।

छिरिङ वाङ्दी शेर्पाले पुरुष ५४ किलोमा कांस्य पदक प्राप्त गरेका हुन्। उनी सेमिफाइनलमा कजाकिस्तानका एडाइबेक नियाजबेसित पराजित भए। यसअघि उनले कुवेतका मोहम्मद अलिनेजीलाई हराउँदै कांस्य पदक पक्का गरेका थिए। जुनियर इभेन्टतर्फ शेर्पाले कुवेतका मोहम्मदलाई ५-० अङ्कले पराजित गरेका थिए।

नेपाली टोलीका साथ रहेका ओलम्पियन एवं प्रशिक्षक डम्बरदत्त भट्टका अनुसार जुनियरतर्फ महिला ५२ किलोमा नेपालकी स्वस्तिका तिरुवा र महिला ५७ किलोमा नारिका राईले पनि कांस्य पदक प्राप्त गरे। प्रतियोगितामा नेपालबाट शेर्पा, तिरुवा र राईसँगै पुरुषतर्फ ६० किलो तौलमा इन्द्रबहादुर सुनार, ५४ किलोमा सुलभ माली र ७१ किलोमा सुदेन गिरीले प्रतिस्पर्धा गरेका थिए।

गत महीना ललितपुरको सातदोबाटोमा सम्पन्न प्रतियोगिताबाट युएईमा भाग लिने खेलाडीको छनोट गरिएको हो। टोलीमा ओलम्पियन एवं प्रशिक्षक दीपक महर्जन, सन्दीप श्रेष्ठ र दुर्गा गहतराज सहभागी छन्। टोलीको व्यवस्थापक नेपाल बक्सिङ सङ्घका सदस्य मानबहादुर भण्डारी र झापा जिल्ला बक्सिङ सङ्घका सदस्य तर्कराज राई रहेका छन्। प्रतियोगिता असोज १५ गतेसम्म सञ्चालन हुनेछ।

# सिम्रौनगढ क्षेत्रमा युरिया मलको अभाव

प्रस, सिम्रौनगढ, ९ भदौ/

सिम्रौनगढ नगरपालिका आसपासका किसानहरू अहिले मलको विषयलाई लिएर चिन्तित भएका छन्। अगहनी धान रोपेका किसानहरू युरिया मलको अभाव झेल्दैछन्।

सामान्य अवस्थामा भारतबाट मल ल्याएर अभाव पूर्ति गर्दै आएका सीमा क्षेत्रका किसानहरू अहिले दुवैतर्फका सुरक्षाकर्मीको क्रियाकलापका कारण पारि गएर मल ल्याउन सकेका छैनन्।

नेपालको सशस्त्र प्रहरी र भारतको एसएसबीले मल ल्याउँदा दुःख दिने, भन्सार चलान गर्ने जस्ता कार्य गरेपछि किसानहरू सीमापारि भारतबाट मल ल्याउन सकेका छैनन्।

सिम्रौनगढ क्षेत्रमा भने मलको अभावसँगै मूल्य दोब्बर भएको छ। सिम्रौनगढ, खजानी, हरिहरपुर, गङ्गानगर, देवापुर टेटा, च्युटाहा, हर्नैया, टेडाकट्टी, कचोर्वा र थरुहट क्षेत्रका भित्री भागमा युरिया मलको अभाव छ।

अहिले किसानहरूले प्रतिबोरा रु ८ सय पर्ने युरिया मललाई रु १६ सय तिर्नुपरेको बताएका छन्। नेपाली किसानहरूले मल अभाव हुँदा भारतको घोडासहन, छौडादानो, आधापुर, जयमूर्तिनगर, जमुनिया, चैनपुरबाट एक/दुई बोरा मल ल्याएर अभाव पूर्ति गर्दै आएका थिए। स्थानीय डिलरहरूले भने अहिले मल कुन बेला ल्याउँछन् र कुन बेला बिक्री गर्छन् किसानहरूले थाहा पाउँदैनन्। डिलरहरूले आफूखुशी गोप्यरूपमा मल बिक्री गरिरहेको किसानहरूले आरोप लगाएका छन्। बढी मोल लिएर डिलरहरूले कालोबजारी गरिरहे पनि नियन्त्रणका लागि स्थानीय निकाय चनाखो नभएको किसानहरूले गुनासो गरे।

पालिकास्तरमा डिलरहरूबाट वितरण हुने मलको हरहिसाब नहुँदा डिलरहरूले आफूखुशी मलको कालोबजारी गरिरहेको किसानहरूको आरोप छ।

# द्वारदेवी माविमा चित्रकला प्रतियोगिता

प्रस, परवानीपुर, ९ भदौ/

वीरगंज-१७ अलौंस्थित द्वारदेवी माविमा बुधवार दाइजो र बालविवाह विषयक चित्रकला प्रयोगिता सम्पन्न भएको छ। प्रतियोगितामा रमेश सहनी प्रथम, प्राची गुप्ता दोस्रो, आजम अन्सारी तेस्रो र रिङ्कुकमारी साह चौथो भएका हुन्।



तस्वीरः प्रतीक

कक्षा ८ देखि १० सम्मका २० जना छात्रछात्रा उक्त प्रतियोगितामा सहभागी थिए। शिक्षाको लागि राष्ट्रिय अभियानको आयोजना र जिल्ला समन्वय एकाइको सहकार्यमा भएको कार्यक्रमको अध्यक्षता रामप्रवेश साहले गरेका थिए। विद्यार्थीहरूले समाजमा विद्यमान दाइजो र बालविवाह प्रथाले विभिन्न प्रकारका विकृति बढेको र समाज विकासमा असहयोग पुगेकोजस्ता विभिन्न मार्मिक चित्र बनाएको विद्यालयका प्रधानाध्यापक राजुकुमार मालीले बताए।